# सुकुना बहुमुखी क्याम्पस

## सुन्दरहरैंचा, मोरङ

# आ.व.२०८०/२०८१को अनुमानित आय-व्यय(बजेट) पुस्तिका

**प्रस्तुतः**

**क्याम्पस सञ्चालक समिति**

**सुकुना बहुमुखी क्याम्पस**

सुन्दरहरैंचा, मोरङ

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

**प्रस्तोताः**

**बजेट मस्यौदा समिति**

**सुकुना बहुमुखी क्याम्पस**

सुन्दरहरैंचा, मोरङ

२०८०

# विषयसूची


आव २०८०/२०८१ को वार्षिक अनुमिनत आय-व्यय (बजेट) सम्बन्धमा .......................................... ४

अनुमानित आम्दानी (२०८०/२०८१) र त्यसको व्याख्या .............................................................. ६

  विद्यार्थी शुल्क आम्दानी ............................................................................................. ६

  अनुदान तथा सहयोग ................................................................................................... ८

    *पुँजीगत अनुदान* ................................................................................................. ९

    *सञ्चालन अनुदान* ................................................................................................ ९

  अन्य आम्दानी ........................................................................................................... १०

  बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने .......................................................................... १०

  धरौटी आम्दानी .......................................................................................................... .११

अनुमानित खर्च (२०८०/२०८१) र त्यसको व्याख्या ...................................................................१२

  पुँजीगत खर्च .............................................................................................................. १३

  सञ्चालन खर्च ............................................................................................................. १६

    *शिक्षण तथा प्रशासन तलव* ..................................................................................... १९

    *कार्यालय सञ्चालन खर्च* .........................................................................................२१

    *प्रकाशन खर्च* .......................................................................................................२५

धरौटि तथा भुक्तानी गर्नुपर्ने दायित्व ........................................................................................ २६

क्याम्पस कोष ............................................................................................................................२६

मुद्दति अवस्था ..........................................................................................................................२७

सुझावहरू ..................................................................................................................................२७


.........................................******.................................................

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

## तालिका सूची

तालिका १: अनुमानित समष्टिगत आय विवरण(आ.व.२०८०/२०८१) ........................................ ६
तालिका २: अनुमानित विद्यार्थी शुल्क आम्दानी (आ.व.२०८०/२०८१) ........................................ ७
तालिका ३: अनुमानित अनुदान तथा सहयोग (आ.व.२०८०/२०८१) ........................................ ८
तालिका ४: अनुमानित अन्य आम्दानी (आ.व.२०८०/२०८१) ........................................ १०
तालिका ५: बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने (आ.व.२०८०/२०८१) ........................................ १०
तालिका ६: अनुमानित धरौटी आम्दानी (आ.व.२०८०/२०८१) ........................................ ११
तालिका ७: अनुमानित समष्टिगत खर्च विवरण(आ.व.२०८०/२०८१) ........................................ १२
तालिका ८: अनुमानित पुँजीगत खर्च विवरण(आ.व.२०८०/२०८१) ........................................ १३
तालिका ९: अनुमानित सञ्चालन खर्च (आ.व.२०८०/२०८१) ........................................ १६
तालिका १०: अनुमानित धरौटी खर्च तथाभुक्तानी दिनुपर्ने दायित्व(आ.व.२०८०/२०८१) ........................................ २६

............................................******............................................

## अनुसूचीहरू

अनुसूची १: शिक्षक कर्मचारीको तलव स्केल र भत्ता सम्बन्धि विवरण ........................................ २९
अनुसूची २: विद्यार्थी शुल्कको समष्टिगत आम्दानी विवरण ........................................ ३१
अनुसूची ३: शुल्क संरचना ........................................ ३३
अनुसूची ४: अनुमानित विद्यार्थी सङ्ख्या सम्बन्धि विवरण ........................................ ४१
अनुसूची ५: बजेट मस्यौदा समिति गठनको निर्णय ........................................
अनुसूची ६: बजेट मस्यौदा समिति २०७९ को निर्णय ........................................
अनुसूची ७: सञ्चालक समितिबाट बजेट पारित गरेको निर्णय ........................................

............................................******............................................

मितिः २०८०/०८/०२ गते ।

श्रीमान् अध्यक्षज्यू,
क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष, पदाधिकारीहरू एवम् सदस्यज्यूहरू,
सञ्चालक समितिको बैठकमा आमन्त्रित महानुभावहरू,
क्याम्पस सञ्चालक समिति,
सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।

**विषयः आव २०८०/२०८१ को वार्षिक अनुमिनत आय-व्यय (बजेट) सम्बन्धमा ।**

प्रस्तुत विषयमा क्याम्पस सञ्चालक समितिको मिति २०८०/०२/३१ गतेको बैठकको निर्णयअनुसार क्याम्पस प्रमुख श्री चन्द्रमणि राईको संयोजकत्वमा ५ सदस्यीय बजेट मस्यौदा समिति गठन गिरएको र उक्त समितिलाई मिति २०८०/०३/२१ गतेका दिन क्याम्पस प्रमुख श्री अर्जुनराज अधिकारीको संयोजकत्वमा उक्त समिति पुनर्गठन गरिएको थियो । समिति गठन गर्दा सञ्चालक समितिले क्याम्पसमा उपलब्ध भएका र उपलब्ध हुनसक्ने साधन र स्रोतको पहिचान गरी आ.व. २०८०/२०८१ को अनुमानित आय-व्ययको विवरण सहित बजेट पेस गर्न कार्यादेश दिएको बेहोरा अवगत नै छ । अतः क्याम्पस सञ्चालक समितिले दिएको कार्यादेश बमोजिम यस बैठक समक्ष क्याम्पसको आ.व. २०८०/२०८१ को अनुमानित आय-व्ययको विवरण सहित बजेट मस्यौदा पेस गरिएको छ । पेस गरिएको यस बजेट मस्यौदा उपर गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ ।

बजेट मस्यौदा समितिले प्रस्तुत बजेट तयार गर्नेक्रममा विगत वर्षहरूमा प्राप्तभएका आम्दानी, आम्दानीका क्षेत्रहरू, खर्चको प्रवृत्ति र खर्चका क्षेत्रहरूको मूल्याङ्कन तथा विश्लेषण गरिएको छ । एकातिर क्याम्पसले विश्वविद्यालय अनुदान आयोग, नेपाल (UGC, Nepal) बाट आवधिक समयको लागि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation - QAA) प्राप्तगरेको एक चक्र पूरा गरिसकेको र दोस्रो पटक QAA लिन स्वअध्ययन प्रतिवेदन पेस गरिसकिएको, सो प्रतिवेदन माथि विभिन्न सुझावहरू प्राप्त भएका, क्याम्पसको अध्ययन, अनुगमन र सुपरिवेक्षणका लागि समकक्षी पुनरावलोकन टोली (Peer Review Team) गठन भई पूर्व अध्ययन (Pre-visit) समेत भइसकेको छ र यस अध्यनबाट पनि क्याम्पसले धेरै रचनात्मक सुझावहरू प्राप्त गरेको छ । गतवर्ष समकक्षी पुनरावलोकन टोली (Peer Review Team) ले अन्तिम अध्ययन गरी/गराई दोस्रो चरणको गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation-QAA) प्राप्तगर्नु पर्नेछ । अर्कातिर क्याम्पसमा विभिन्न शैक्षिक कार्यक्रम, कक्षा र सेक्सन बढ्न गई विद्यार्थी सङ्ख्यामा वृद्धि भइरहेका कारण भौतिक निर्माण, कार्य क्षमता सुधार, गुणस्तर कायम, सूचना तथा सञ्चार प्रविधिमा पहुँच वृद्धि, व्यवस्थापकीय क्षमतामा सुधार, विद्यार्थी कल्याण र यातायात सुविधा जस्ता क्षेत्रहरूमा थप जटिलताहरू थपिदै गएको पाइन्छ ।

यी सबै अवस्थालाई केन्द्रविन्दु मानी यस पटक देखि स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूको मात्र गणना गरी क्याम्पसका लागि प्राप्तहुन सक्ने समभावित आम्दानीलाई आधार मानी

यस समितिले विभिन्न शीर्षकमा प्राप्तहुने विद्यार्थी शुल्क, विश्वविद्यालय अनुदान आयोग नेपाल, प्रदेश सरकार, सुन्दरहरैँचा नगरपालिका आदिबाट प्राप्तहुने सहयोग तथा अनुदान, धरौटी तथा गत आर्थिक वर्षको बैङ्क जिम्मेवारीलाई मुख्य आम्दानीको स्रोत मानी आम्दानी अनुमान गरिएको छ । आम्दानीका स्रोत र अनुमानित आम्दानीलाई तालिका नं. १ देखितालिका नं. ६ सम्ममा प्रस्तुत गरिएको छ । त्यसैगरी विश्वविद्यालय अनुदान आयोग नेपाल, त्रिभुवन विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठानहरू,क्याम्पस परिषद्, अभिभावक, शिक्षक, कर्मचारी र विद्यार्थीहरूका राय सल्लाह र सुझावहरू समेतका आधारमा क्याम्पसको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने, अभिभावक तथा विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने, शिक्षक तथा कर्मचारीहरूको पेशागत सिप तथा कौशलमा अभिवृद्धि गर्ने, भौतिक निर्माण तथा सुधार गर्ने, शिक्षण सिकाइ कार्यमा सूचना तथा सञ्चारका साधनको उपयोग र शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुर्याउने यद्देश्यले अनुमानित खर्च विनियोजन गरिएको छ । विनियोजन गरिएका खर्चका क्षेत्र र रकमलाई तालिका नं. ७ देखि तालिकानं. १० सम्ममा प्रस्तुत गरिएको छ ।

यसक्रममा अनुमानित आम्दानी र अनुमानित खर्चको पुष्ट्याइँ गर्न तालिकाहरूको अन्त्यमा व्याख्या गरिएको छ । बजेट मस्यौदा समितिले गरेका निर्णयहरू लिपिवद्ध गरिएका छन् । आम्दानी र खर्चसँग सम्बन्धित कागजातहरू अनुसूची १ देखि ७ सम्म प्रस्तुत गरिएका छन् । सङ्लग्न तालिका र अनुसूचीहरू यस बजेटका महत्वपूर्ण अङ्गका रुपमा रहेका छन् । प्रस्तुत बजेट तयार गर्ने क्रममा सहयोग गर्नुहुने क्याम्पस सञ्चालक समिति, पब्लिक क्याम्पस प्राध्यापक सङ्घ क्याम्पस एकाइ समिति, शिक्षक तथा कर्मचारी वर्गलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत आ.व. २०८०/२०८१ को अनुमानित आय-व्यय सहितको क्याम्पस बजेट-मस्यौदा माथि गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बजेट मस्यौदा समिति २०८०/०८१**

१. संयोजकः अर्जुनराज अधिकारी – संयोजक/क्याम्पस प्रमुखः

२. सदस्यः टीकाप्रसाद कट्टेल - प्रतिनिधि, क्याम्पस सञ्चालक समितिः

३. सदस्यः रामप्रसाद गजुरेल - प्रतिनिधि, क्याम्पस सञ्चालक समितिः

४. सदस्यः ध्रुवप्रसाद नेपाल – प्रतिनिधि, पब्लिक क्याम्पस प्राध्यापक सङ्घः

५. सदस्यः गणेशप्रसाद दहाल–सहप्राध्यापक/विषयविज्ञः

मितिः २०८० मङ्सिर ०२ गते ।

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा नगरपालिका, मोरङ स्था. २०४८

# १. अनुमानित आम्दानी (२०८०/२०८१) र त्यसको व्याख्या

**तालिका १: अनुमानित समष्टिगत आय विवरण (आ.व.२०८०/२०८१)**

| क्रस | विवरण | २०७९/२०८० को अनुमानित आय | २०७९/२०८० को वास्तविक आय | २०८०/२०८१ को अनुमानित आय | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | **विद्यार्थी शुल्क आम्दानी** | **१४,२४,६५,४९०** | **१०,४२,३१,०६०** | **११,३६,५७,८३०** | ६१.३ |
| २ | **अनुदान तथा सहयोग** | **४,२८,५०,०००** | **१,१०,५९,००४** | **२,६१,५०,०००** | १४.१ |
| (क) | विश्वविद्यालय अनुदान आयोग,नेपालबाट प्राप्तहुने पुँजीगत अनुदान | ५०,००,००० | ४७,५९,००४ | १,१२,५०,००० | |
| (ख) | विश्वविद्यालय अनुदान आयोग,नेपालबाट प्राप्तहुने सञ्चालन अनुदान | १,४९,५०,००० | २८,००,००० | ४९,००,००० | |
| (ग) | अन्य स्रोतबाट प्राप्तहुने पुँजीगत अनुदान | २,२५,००,००० | ३५,००,००० | ७५,००,००० | |
| (घ) | अन्य स्रोतबाट प्राप्तहुने सञ्चालन अनुदान | ४,००,००० | ० | २५,००,००० | |
| ३ | **अन्य आय** | **८२,००,०००** | **७१,४१,९३८.८८** | **९१,१०,०००** | ४.९ |
| ४ | **पेश्की तथा बैङ्क जिम्मेवारी सारेको** | **१,३१,१५,६३७.९** | **१,३१,१५,६३७.९** | **२,८४,२७,८४०.१** | १५.३ |
| ५ | **धरौटी आय** | **१,०३,६९,२१०** | **१,२४,३४,९७५** | **८०,९१,७२०** | ४.४ |
| | **जम्मा** | **२१,७०,००,३३७.९५** | **१४,७९,८२,६१५.८३** | **१८,५४,३७,३९०.१०** | १०० |

क्याम्पसको आम्दानीको मुख्यस्रोत विद्यार्थीहरूबाट प्राप्तहुने शुल्क र त्यसपछिका स्रोतहरू क्रमशः अन्य अनुदान तथा आय, विश्वविद्यालय अनुदान आयोग नेपालको अनुदान, धरौटी आय र पेश्की तथा बैङ्क जिम्मेवारी आम्दानीका स्रोत हुन् । यस अन्तर्गत निम्न उपशीर्षकहरू रहेका छन् । माथिको तालिका १ मा उल्लेख गरिएका आम्दानीका स्रोत र आम्दानी विवरणको तल व्याख्या गरिएको छ ।

## (१) विद्यार्थी शुल्क आम्दानी

क्याम्पसको समग्र आयस्रोतको विश्लेषण गर्दा आयस्रोतको ठूलो हिस्सा विद्यार्थी शुल्कबाट प्राप्तहुने देखिन्छ । विद्यार्थी शुल्क आम्दानी शीर्षक अन्तर्गत प्रवेश शुल्क, शिक्षण शुल्क, पुस्तकालय शुल्क, क्याम्पस विकास आय, खेलकुद शुल्क, आन्तरिक परीक्षा शुल्क, अभ्याश शिक्षण तथा प्राक्टिकम शुल्क, प्रयोगशाला शुल्क, प्रयोगात्मक शुल्क, शोधपत्र शुल्क, प्रवेश आवेदन फाराम, त्रिवि सम्बन्धन शुल्कको विविध, त्रिवि दर्ता विविध शुल्क, प्रमाणपत्र तथा सिफारिस, विद्यार्थी कल्याण शुल्क, सरस्वती पूजा, यातायात सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क, ननक्रेडिक कोर्स तथा उपचारात्मक कक्षा शुल्क आई.

डि. कार्ड एवम् टाईबेल्ट शुल्क र विविध शुल्कका सहायक शीर्षकहरू पर्दछन् । विद्यार्थी शुल्क आम्दानी शीर्षकबाट आ.व. २०८०/२०८१ मा रु. ११,३६,५७,८३०/- आम्दानी हुने अनुमान गरिएको छ । यो रकम कुल आम्दानीको ६१.३% हो । विद्यार्थी शुल्क आम्दानीलाई तलको तालिका २ मा प्रस्तुत गरिएको छ । त्यसैगरी तहगत र कक्षागत अनुमानित विद्यार्थी सङ्ख्या र तहगत तथा कक्षागत विद्यार्थी शुल्कको अनुमानित आम्दानीलाई अनुसूची २ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ ।

**तालिका २: अनुमानित विद्यार्थी शुल्क आम्दानी (आ.व. २०८०/२०८१)**

| क्रस | विवरण | २०७९/०८० को अनुमान | २०७९/०८० को वास्तविक | २०८०/०८१ को अनुमान | |
|---|---|---|---|---|---|
| **१** | **जम्मा विद्यार्थी शुल्क** | **१४,२४,६५,४९०** | **१०,४२,३१,०६०** | **११,३६,५७,८३०** | |
| १.१ | प्रवेश शुल्क | ७१,०७,००० | ४७,५०,५०० | ५१,०९,५०० | |
| १.२ | शिक्षण शुल्क | १०,७७,३३,२०० | ८,१०,९७,५०० | ८,७४,६७,४०० | |
| १.३ | पुस्तकालय शुल्क | २५,५१,००० | १५,९१,२०० | १७,९२,५०० | |
| १.४ | क्याम्पस विकास आय | २३,४२,२०० | १४,१७,४०० | १५,७८,१०० | |
| १.५ | खेलकुद शुल्क | ८,६२,२०० | ५,०७,२०० | ५,५६,२०० | |
| १.६ | विविध शुल्क | ४९,११,०९० | २४,४१,९१० | ३२,२१,९८० | |
| १.७ | आन्तरिक परीक्षा शुल्क | ४१,६९,७०० | २५,८३,३५० | २७,७०,९०० | |
| १.८ | अभ्यस शिक्षण/प्राक्टिकम | ५,१३,६०० | २,०७,२०० | २,९७,५०० | |
| १.९ | शोधपत्र शुल्क | ७,५०,००० | ४,७६,६०० | ५,२५,००० | |
| १.१० | प्रोगशाला शुल्क | १९,१२,००० | १४,३६,१०० | १७,०४,००० | |
| १.११ | प्रयोगात्मक परीक्षा शुल्क | १८,१४,००० | १०,८३,५०० | १६,५१,००० | |
| १.१२ | प्रवेश आवेदन फाराम | ११,७४,००० | १०,४६,३०० | ७,०९,००० | |
| १.१३ | प्रमाणपत्र/सिफारिस आदि | १०,००,००० | ११,५५,८०० | १०,५०,००० | |
| १.१४ | त्रिवि वार्षिक परीक्षा | ३,५५,००० | ३,५६,००० | ३,५५,००० | |
| १.१५ | सरस्वती पूजा | २,२७,१०० | १,३६,१५० | १,५२,४५० | |
| १.१६ | विद्यार्थी कल्याण शुल्क | १४,०८,८०० | ८,४८,६०० | ९,६८,३०० | |
| १.१७ | Non Cedit Courseशुल्क र उपचारात्मक कक्षा शुल्क | ३,००,००० | ० | ३,००,००० | |
| १.१८ | दिक्षान्त समारोह शुल्क | ३,००,००० | ० | ३,००,००० | |
| १.१९ | आइडी कार्ड/टाइबेल्ट | ६,९६,७०० | ३,७८,५०० | ५,४९,५०० | |
| १.२० | यातायात शुल्क | १८,००,००० | २३,६३,८५० | २२,००,००० | |
| १.२१ | स्वास्थ्य सेवा शुल्क | ५,३७,९०० | ३,५३,४०० | ३,९९,५०० | |

माथिको तालिका २ अनुसार गत आ.व. को अनुमानित र यथार्थ आम्दानी भन्दा आ.व.२०८०/२०८१मा विद्यार्थी शुल्क आम्दानी वृद्धिहुने अनुमान गरिएको छ । यसरी विद्यार्थी शुल्क आम्दानी वृद्धि हुनुका कारणहरू निम्नानुसार छन्।

(क) गत वर्षको भन्दा चालु आ.व. मा कुल विद्यार्थी बढ्ने अनुमान गरिएको छ ।

(ख) यस आ.व. देखि बी.बी.ए. तर्फका सबै सिमेष्टरका कक्षा सञ्चालन हुने छ र प्रथम, द्वितीय र तृतीय सेमिष्टरमा दुईवटा सेक्सन सञ्चालन हुने ।

(ग) विगत वर्षहरूमा कोभिडका कारण भएको बन्दाबन्दीबाट स्थगन भएका परीक्षाहरूलाई त्रिविले शैक्षिक क्यालेण्डरमा समायोजन गर्दैजाँदा कक्षाहरू खप्टिन गएको ।

(घ) विद्यार्थी प्रतिनिधिहरू समेतको सहमतिमा यातायात शुल्क वृद्धि गरिएको ।

(ङ) वैदेशिक अध्ययनको क्रममा रिकमण्डेसन लेटर लाने विद्यार्थीहरूको भर्ना गरी लेटर लाने महिनासम्मको शुल्क भुक्तान गर्नु पर्ने व्यवस्था गरिएको ।

(च) विएस्सी र विआइसिटीमा विद्यार्थी सङ्ख्या बढ्ने अनुमान गरिएको ।

## (२) अनुदान तथा सहयोग

अनुदान तथा सहयोगलाई पुँजीगत अनुदान र सञ्चालन अनुदानकारुपमा वर्गीकरण गरीएको छ । विश्वविद्यालय अनुदान आयोग, नेपाल, प्रदेश सरकार र सुन्दरहरैंचा नगरपालिकाबाट प्राप्तहुने अनुमान गरिएका रकमलाई यस शीर्षकमा समावेश गरिएको छ । यस शीर्षकबाट निम्नअनुसार आम्दानी हुने अनुमान गरिएको छः

**तालिका ३: अनुमानित अनुदान तथा सहयोग (आ.व.२०८०/२०८१)**

| क्रस | आम्दानी विवरण | २०७९/०८० को अनुमान | २०७९/०८० को वास्तविक | २०८०/०८१ को अनुमान | स्रोत |
|---|---|---|---|---|---|
| २ | **पुँजीगत तथा सञ्चालन अनुदान** | | | | |
| २.१ | **पुँजीगत अनुदान** | **२,७५,००,०००** | **८२,५९,००४** | **१,८७,५०,०००** | |
| (क) | विश्वविद्यालय अनुदान आयोग | ५०,००,००० | ४७,५९,००४ | १,१२,५०,००० | UGC/N |
| (ख) | नेपाल सरकार | २५,००,००० | ० | ० | |
| (ग) | प्रदेश सरकार | ५०,००,००० | २५,००,००० | ५०,००,००० | PG |
| (घ) | सुन्दरहरैंचा नगरपालिका | १,००,००,००० | १०,००,००० | २५,००,००० | SM |
| (ङ) | अन्य दातृ निकाय | ५०,००,००० | ० | ० | |
| २.२ | **सञ्चालन अनुदान (क+ख+ग)** | **१,५३,५०,०००** | **२८,००,०००** | **७४,००,०००** | |
| (क) | विश्वविद्यालय अनुदान आयोग | [१,४९,५०,०००] | [२८,००,०००] | [४९,००,०००] | UGC/N |
| | (i) Regular Grants | २५,००,००० | २८,००,००० | २८,००,००० | UGC/N |
| | (ii) Workshop & Training | ४,५०,००० | ० | ६,००,००० | UGC/N |
| | (iii) Graduate List | १,००,००,००० | ० | ० | |
| | (iv) Extended Performance Grants | २०,००,००० | ० | १५,००,००० | UGC/N |

| | | | | | |
|---|---|---|---|---|---|
| (ख) | सुन्दरहरैंचा नगरपालिका | ० | ० | २५,००,००० | Training/ Research |
| (ग) | अन्य दातृ निकाय | ४,००,००० | ० | ० | |
| **२.१ र २.२ को जम्मा** | | **४,२८,५०,०००** | **१,१०,५९,००४** | **२,६१,५०,०००** | |

**(क) पुँजीगत अनुदानः (क+ग+घ)**

पुँजीगत अनुदान अन्तर्गत गत वर्ष २०७९/०८० मा शिक्षण भवनको पूर्वतर्फ विश्वविद्यालय अनुदान आयोग नेपाल सँग सम्झौता भई अनुदान आयोगको अनुदानमा तीन कोठे एक तले पक्की भवन रु.९७,५९,००४/- रकमबाट रङरोगन, वेयरिङ र प्लमिङ सहितको भवन निर्माण सम्पन्न भइसकेको छ र उक्त भवनमा यस वर्षदेखि कक्षा सञ्चालन भइरहेको छ । माथिको तालिका ३ को २.१ अन्तर्गतको विश्वविद्यालय अनुदान आयोग नेपालबाट प्राप्त हुने अनुदान सहयोगमा गतवर्ष निर्माण भएको शिक्षण भवनको पूर्वतर्फ आ.व.२०८०/०८१ मा निर्माण हुने शिक्षण भवनका लागि गत असार महिनामा रु.५०,००,०००/- प्राप्त भइसकेको छ । आगामी चैत्र १५ गतेसम्ममा उक्त भवनको निर्माण सम्पन्न हुनेछ । उक्त भवनको निर्माण सम्पन्न भएपछि प्राप्त हुने रु.५०,००,०००/- गरी विश्वविद्यालय अनुदान आयोग नेपालबाट (गत आ.व.को वर्षान्तमा प्राप्त भएको रु. ५०,००,०००/- + यस वर्षको भवन निर्माण काम सम्पन्न भएपछि प्राप्त हुने रु. ५०,००,०००/- समेत गरी) जम्मा रु.१,००,००,०००/- प्राप्तहुने अनुमान गरिएको छ । यसका अतिरिक्त यस चालु आ. व. को मङ्सिर महिनामा विश्वविद्यालय अनुदान आयोग नेपाल समक्ष भौतिक निर्माण अन्तर्गत भवन निर्माणका लागि रु. १,२५,००,०००/= को प्रस्तावना पेस गरी उक्त अनुदान रकमबाट गत वर्ष र यस वर्ष निर्माणहुने भवनको माथिल्लो तला निर्माण गर्ने योजना रहेको छ । यसका अतिरिक्त यस वर्ष फर्निचर निर्माण तथा खरिदका लागि विश्वविद्यालय अनुदान आयोग नेपालमा प्रस्तावना पेस गरी रु.१२,५०,०००/- प्राप्तहुने अनुमान गरिएको छ । त्यसैगरी पुँजीगत अनुदान अन्तर्गत नै गत वर्ष प्रदेश सरकारबाट रु. २५,००,०००/- र सुन्दरहरैंचा नगरपालिकाबाट रु.१०,००,०००/- प्राप्त भएको र यस वर्ष सोहि शीर्षकमा प्रदेश सरकारबाट रु.५०,००,०००/- र सुन्दरहरैंचा नगरपालिकाबाट रु.२५,००,०००/- प्राप्त हुने अनुमान गरिएको छ । यसो गर्दा पुँजीगत अनुदान शीर्षकमा कुल रु. **१,८७,५०,०००/-** अनुदान रकम प्राप्त हुने अनुमान गरिएको छ ।

**(ख) सञ्चालन अनुदानः (२.२ क [i + ii + iv] + ख)**

तालिका ३ को २.२ मा उल्लिखित अनुदान सञ्चालन अनुदान हो । यस अन्तर्गत विश्वविद्यालय अनुदान आयोग नेपालबाट Regular Grants, Workshop & Training, Extended Performance Grants (Extended Performance Based Funding - EPBF) वापत प्राप्तहुने आम्दानी अनुमान गरिएको छ । यसका लागि आयोगबाट रु.४९,००,०००/- प्राप्त हुने अनुमान गरिएको छ ।

सोहि तालिकाको २.२ (ख) अन्तर्गत गत यस वर्ष सुन्दरहरैंचा नगरपालिकाबाट सञ्चालन अनुदानका लागि रु. २५,००,०००/- प्राप्त हुने अनुमान गरिएको छ । यसरी सञ्चालन अनुदान जम्मा रु. ७४,००,०००/- प्राप्त हुने अपेक्षा गरिएको छ ।

### (३) अन्य आम्दानी

अन्य आम्दानी अन्तर्गत दाताहरूबाट छात्रवृत्तिका लागि प्राप्तहुने अनुदान, अभ्यास शिक्षण पुस्तिका विक्रि, जर्नल विक्रि, चमेनागृहको भाडा, सामग्री विक्रिबाट प्राप्तहुने रकम, अक्षयकोष तथा बैङ्क व्याज, चन्दा सहयोग विविध आम्दानी र त्रिवि परीक्षा दर्ता तथा समायोजन वापत प्राप्तहुने रकम समावेश गरिएको छ । यस शीर्षकबाट निम्नअनुसार आम्दानी हुने अनुमान गरिएको छः

**तालिका ४:अनुमानित अन्य आम्दानी (आ.व.२०८०/२०८१)**

| क्रस | आम्दानी विवरण | २०७९/०८० को अनुमान | २०७९/०८० को वास्तविक | २०८०/०८१ को अनुमान | |
|---|---|---|---|---|---|
| ३ | **अन्य आम्दानी** | **८२,००,०००** | **७१,४१,९३८.८८** | **९१,१०,०००** | |
| (क) | परीक्षा सञ्चालन अनुदान | ३,००,००० | २,९०,००० | ० | |
| (ख) | दाताहरूबाट छात्रवृत्ति अनुदान | २,५०,००० | ० | ३,००,००० | |
| (ग) | अभ्यास शिक्षण पुस्तिका, जर्नल, सामग्री विक्रि र क्याण्टिन भाडा | १,५०,००० | ८८,५०० | १,१०,००० | |
| (घ) | अक्षयकोष खाताको व्याज | ४,००,००० | ६२,२३,७५८.६८ | ४,५०,००० | |
| (ङ) | मुद्दति खाता व्याज | ४६,००,००० | | ५६,००,००० | |
| (च) | चन्दा, सहयोग, अन्य अनुदान | ५,००,००० | ३,१९,९९९.२ | ६,००,००० | |
| (छ) | विविध आम्दानी | ० | २,१९,६८१ | ५०,००० | |
| (ज) | त्रिवि दर्ता तथा परीक्षा समायोजन | २०,००,००० | | २०,००,००० | |

### (४) बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने

यस शीर्षक अन्तर्गत आर्थिक वर्ष २०७९/०८० असार मसान्तमा बैङ्क खातामा रहेको रकम, पेश्की रकम र गत वर्ष क्याम्पसले पाउनु पर्ने रकम उल्लेख गरिएको छ । यस शीर्षकबाट निम्नअनुसार आम्दानी हुने अनुमान गरिएको छः

**तालिका ५: बैङ्क जिम्मेवारी, पेश्की तथा पाउनु पर्ने (आ.व.२०८०/२०८१)**

| क्रस | आम्दानी विवरण | २०७९/०८० को अनुमान | २०७९/०८० को वास्तविक | २०८०/०८१ को अनुमान | |
|---|---|---|---|---|---|
| ४ | गत वर्षको बचत, पेश्की र पाउनु पर्ने रकम | **१,३१,१५,६३७.९५** | **१,३१,१५,६३७.९५** | **२,८४,२७,८४०.१०** | |
| (क) | बैङ्क जिम्मेवारी | ९०,१३,६३७.९५ | ९०,१३,६३७.९५ | २,६८,००,०३०.१ | |
| (ख) | पेश्की जिम्मेवारी | १५,४२,१५० | १५,४२,१५० | १३,७७,८१० | |
| (ग) | पाउनु पर्नेः दुर्गादेवी दुलाल एकल महिला समाज | ० | ० | २,५०,००० | |
| (घ) | पाउनु पर्नेः सुन्दरहरैँचा नगरपालिका | २५,५९,८५० | २५,५९,८५० | ० | |

## (५) धरौटी आम्दानी

यस शीर्षक अन्तर्गत क्याम्पसका विद्यार्थीहरूले त्रिवि रजिष्ट्रेसन भए वापत एवम् परीक्षा शुल्क वापत विद्यार्थीहरूबाट प्राप्तहुने रकम, पुस्तकालय धरौटी, प्रयोगशाला धरौटी, स्वतन्त्र विद्यार्थी युनियन र अन्य धरौटी वापत प्राप्तहुने अनुमान गरिएको रकम समावेश गरिएको छ। धरौटी वापत रु.८०,९१,७२०/- प्राप्त हुने अनुमान गरिएको छ ।यस शीर्षकबाट निम्नअनुसार आम्दानी हुने अनुमान गरिएको छः

**तालिका ६: अनुमानित धरौटी आम्दानी (आ.व.२०८०/२०८१)**

| क्रस | आम्दानी विवरण | २०७९/०८० को अनुमान | २०७९/०८० को वास्तविक | २०८०/०८१ को अनुमान | |
|---|---|---|---|---|---|
| **४** | **धरौटी आम्दानी** | **१,०३,६९,२१०** | **१,२४,३४,९७५** | **८०,९१,७२०** | |
| (क) | त्रिवि रजिष्ट्रेसन | ८,१७,००० | ८,४६,९०० | ४,५०,५०० | |
| (ख) | त्रिवि परीक्षा शुल्क धरौटी | ४८,४३,८१० | ७४,६२,७७५ | ४४,६६,३२० | |
| (ग) | पुस्तकालय धरौटी | १४,२७,५०० | ११,३२,५०० | ८,१०,००० | |
| (घ) | प्रयोगशाला धरौटी | २,४०,००० | १,८८,५०० | १,६०,००० | |
| (ङ) | स्वतन्त्र विद्यार्थी युनियन | ४,५४,२०० | २,७०,२०० | ३,०४,९०० | |
| (च) | अन्य विद्यार्थी धरौटी | २५,८६,७०० | २५,३४,१०० | १९,००,००० | |

......................................*****......................................................

...................................... ***** ......................................................

## २. अनुमानित खर्च (२०८०/२०८१) र त्यसको व्याख्या

**तालिका ७: अनुमानित समष्टिगत खर्च विवरण (आ.व.२०८०/२०८१)**

| क्रस | विवरण | २०७९/२०८० को अनुमानित खर्च | २०७९/२०८० को वास्तविक खर्च | २०८०/२०८१ को अनुमानित खर्च | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | पुँजीगत खर्च | ३,८०,००,००० | १,५९,८०,९३१ | २,७२,५०,००० | १४.७% |
| २ | सञ्चालन खर्च | १३,४१,२७,६८४.९५ | १०,१२,५७,००५.५ | १२,१८,४७,६९१ | ६५.७% |
| (क) | शिक्षण तथा प्रशासन तलव भत्ताएवम् विदा | [९,४८,७६,१९४] | [८,०५,६८,९०५.५] | [८,०४,०५,१९०] | [४३.४] |
| (ख) | कार्यालय सञ्चाल खर्च | [३,७५,७१,४९०.९५] | [२,००,६५,५८६] | [४,०७,४२,५०१] | [२२] |
| (ग) | प्रकाशन खर्च | [१६,८०,०००] | [६,२२,५१४] | [७,००,०००] | [०.३८] |
| ३ | धरौटी तथा दायीत्व | १,१४,०५,०५३ | ८८,६८,०९३ | ९३,८२,०३८ | ५.०% |
| (क) | धरौटीखर्च | [१,०३,६९,२१०] | [७५,७७,७७५] | [८०,९१,७२०] | [४.४] |
| (ख) | भुक्तानी दिनुपर्ने | [१०,३५,८४३] | [१२,९०,३१८] | [१२,९०,३१८] | [०.६] |
| ४ | क्याम्पस कोष (यस वर्ष हुने बचत) | ३,३४,६७,६०० | २,१८,७६,५८६.३३ | २,६९,५७,६६१.१० | १४.६% |
| | **जम्मा अनुमानित खर्च** | २१,७०,००,३३७.९५ | १४,७९,८२,६१५.८३ | १८,५४,३७,३९०.१० | १००% |

तालिका ७ (१) मा उल्लिखित क्याम्पसको पुँजीगत खर्च अन्तर्गत नयाँ शिक्षण भवन निर्माण, यातायातका साधनको खरिद, फर्निचर खरिद, कार्यालय उपकरण, पुस्तक खरिद तथा पुस्तकालय स्तरीकरण, वैज्ञानिक तथा शैक्षिक उपकरण, वैज्ञानिक तथा अन्य प्रकृतिका प्रयोगशाला स्थापना, सञ्चालन तथा स्तरीकरण र अन्य सम्पत्तिको विकास, विस्तार र व्यवस्थापनका लागि रकम विनियोजन गरिएको छ ।

तालिका ७ (२) मा उल्लिखित सञ्चालन खर्च अन्तर्गत शिक्षक कर्मचारीको तलव भत्ता, कार्यालय सञ्चालन, आन्तरिक परीक्षा, वृत्ति विकास, योजना निर्माण, तालिम, सेमिनार, गोष्ठी, क्षमता अभिवृद्धिका कार्यक्रम, सामाजिक सेवा कार्यक्रम, विद्यार्थी कल्याण, अतिथि सत्कार, खेलकुद तथा अतिरिक्त क्रियाकलाप र प्रदर्शनी, अवलोकन भ्रमण, अनुसन्धान र अनुसन्धानको व्यवस्थापन, प्रकाशन, विज्ञापन तथा प्रचार प्रसार, लेखा परीक्षण, परिषद् खर्च, शोधकार्य, पत्रपित्रका, मसलन्द एवम् क्याम्पसमा हुने सालबसाली खर्चहरूका लागि रकम विनियोजन गरिएको छ ।

तालिका ७ (३) मा क्याम्पसले त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्ने विद्यार्थी रजिष्ट्रेसन एवम् परीक्षा शुल्क, स्वविवि प्रयोगशाला एवम् पुस्तकालय धरौटी फिर्ता वापतको रकम र गत वर्षको भुक्तानी दिनु पर्ने दायीत्वको रकम विनियोजन गरिएको छ ।

माथि उल्लिखित तालिका ७ (१) (२) र (३) मा खर्च विनियोजन गरी बचत रहेको तालिका ७ (४) को रकमलाई क्याम्पस कोषका रुपमा रहने गरी विनियोजन गरिएको छ ।

## १. पुँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास, विस्तार र भौतिक स्तरोन्नतिका लागि देहाय बमोजिम रकम विनियोजन गरिएको छः

**तालिका ८: अनुमानित पुँजीगत खर्च विवरण (आ.व.२०८०/२०८१)**

| क्रस | पुँजीगत खर्च विवरण | २०७९/२०८० को अनुमानित | २०७९/२०८०को वास्तविक | २०८०/२०८१ को अनुमानित | स्रोत |
|---|---|---|---|---|---|
| १ | **पुँजीगत खर्च** | **३,८०,००,०००** | **१,५९,८०,९३१** | **२,७२,५०,०००** | |
| क | भवन निर्माण/पुस्तकालय स्तरिकरण | २,०५,००,००० | १,१६,२३,३२३ | १,२५,००,००० | क्याम्पस/UGC |
| ख | सवारी साधन खरिद | ५०,००,००० | ० | ५०,००,००० | प्रदेश सरकार |
| ग | फर्निचर निर्माण तथा खरिद | २५,००,००० | १७,३१,८९४ | २०,००,००० | UGC/क्याम्पस |
| घ | कार्यालय उपकरण | २०,००,००० | ६,०५,५६० | ५,५०,००० | क्याम्पस |
| ङ | पुस्तक खरिद | २०,००,००० | ७,७५,७८० | १३,००,००० | क्याम्पस |
| च | वैज्ञानिक तथा शैक्षिक उपकरण खरिद तथा व्यवस्थापन | २५,००,००० | ४२,४०२ | १२,००,००० | क्याम्पस |
| छ | Bio-Chemistry Lab/Non Technical Teaching Lab | ४,००,००० | ० | ५,००,००० | नगरपालिका |
| ज | आइटि /रोवोटिक्स/एआइ ल्याव | ० | ० | १५,००,००० | नगरपालिका |
| झ | विज्ञान अनुसन्धान प्रयोगशाला | १०,००,००० | १०,००,००० | ५,००,००० | नगरपालिका |
| ञ | पानी तथा विद्युत | ५,००,००० | ४४,९७४ | ५,००,००० | क्याम्पस |
| ट | अन्य निर्माण | १५,००,००० | ० | १५,००,००० | क्याम्पस |
| ठ | विविध सम्पत्ति | १,००,००० | १,५६,९९८ | २,००,००० | क्याम्पस |

तालिका ८ मा विनियोजन गरिएको रकमलाई देहायबमोजिम खर्च गरिनेछः

**(क) भवन निर्माणः**

**(अ) आ.व.२०७८/०७९ को प्रस्तावना र भवन निर्माणः**

आ.व.२०७८/०७९ मा क्याम्पसले भौतिक निर्माणका लागि लागत अनुमान, भवनको नापनक्सा र स्थानी तह सुन्दरहरैंचा नगरपालिकाको भवन निर्माण इजाजतपत्र सहित विश्वविद्यालय अनुदान आयोग नेपालमा क्याम्पसले प्रस्तावना पेस गरेकोमा उक्त प्रस्ताव अनुदान आयोगबाट स्वीकृत भई रु. १,००,००,०००/- बराबरको भौतिक अनुदानका लागि क्याम्पस छनोट भएको थियो । जसअनुसार बरण्डा, भर्याङ, शौचालय सहितको एक तले तीन कोठे पक्कि कक्षाकोठा भवन निर्माणका लागि सम्झौता भएको थियो । निर्माण सम्पन्न भइसकेपछि उक्त योजना फरफारक गर्दा जम्मा रु.९७,५९,००४/- रकमबाट

रङरोगन, वेयरिङ र प्लमिङ सहितको भवन निर्माण सम्पन्न भइसकेको छ र उक्त भवनमा यस वर्षदेखि कक्षा सञ्चालन भइरहेको छ ।

**(आ) आ.व. २०७९/२०८० को प्रस्तावना र भवन निर्माणः**

त्यसैगरी गत आ.व. २०७९/२०८० मा क्याम्पसले आ.व. २०७८/२०७९ मा निर्माण सम्पन्न भएको भवनको पूर्वतर्फ भौतिक निर्माण अन्तर्गत बरण्डा, शौचालय, रङरोगन, प्लम्मिङ र विद्धुत वेयरिङ सहितको अर्को तीन कोठे कक्षाकोठा भवन निर्माणका लागि एन्जिनियरिङ डिजाइन, नापनक्सा, लागत इष्टिमेट र भवन निर्माण इजाजतपत्र समेत समावेश गरी पुनः विश्वविद्यालय अनुदान आयोग नेपाल समक्ष रु. १,००,००,०००/- अनुदानका लागि प्रस्ताव पेश गरेको थियो । विश्वविद्यालय अनुदान आयोग नेपालले उक्त प्रस्ताव स्वीकृत गरी गत आ.व. २०७९/२०८० को वर्षान्तमा पहिलो किश्ता वापत रु. ५०,००,०००/- रकम क्याम्पस खातामा निकाशा गरेको थियो । अनुदान आयोग सँग भएको सम्झौताका आधारमा चालु आ.व. २०८०/२०८१ मा ठेक्का प्रक्रियाबाट निर्माण कार्य भइरहेको छ । विश्वविद्यालय अनुदान आयोग नेपाल र क्याम्पस बिच भएको सम्झौताअनुसार उक्त भवन आगामी २०८० चैत्र १५ गतेसम्ममा निर्माण सम्पन्न हुनेछ । उक्त भवनको निर्माण सम्पन्न भएपछि सम्झौताअनुसार प्राप्त हुने रु.५०,००,०००/- विश्वविद्यालय अनुदान आयोग नेपालबाट निकाशा हुनेछ । यसरी प्राप्त हुने अनुदानलाई आम्दानीमा समावेश गरिएको छ ।

**(इ) आ.व. २०८०/२०८१ को प्रस्तावना र भवन निर्माणः**

चालु आ.व. २०८०/२०८१ को मङ्सिर महिनामा माथि उल्लिखित बुँदा नं. क (अ) र (आ) अनुसार निर्माण भएको र हुँदै गरेको दुई भवनको माथिल्लो तला निर्माणका लागि क्याम्पसले विश्वविद्यालय अनुदान आयोग नेपाल समक्ष भौतिक पूर्वाधार निर्माण अन्तर्गत अनुदानका लागि प्रस्तावना पेस गर्ने छ । उक्त प्रस्ताव स्वीकृत भएमा चालु आ.व. २०८०/२०८१ को वर्षान्तमा पहिलो किश्ता प्राप्त हुने अनुमान गरिएको छ । जसअनुसार सबै प्रक्रिया पूरा गरी आगामी आ.व. २०८१/२०८२ को चैत्र मसान्तसम्ममा उक्त भवनको माथिल्लो तला निर्माण गरिने लक्ष्य राखिएको छ । यस बजेटमा उक्त भवनका लागि विश्वविद्यालय अनुदान आयोग नेपालबाट पहिलो किश्ता वापतको अनुदान रकम प्राप्त हुने अनुमान गरिएको छ ।

**(ख) सवारी साधन खरिदः**

माथिको तालिका ८ को बुँदा नं. १ (ख) अनुसार क्याम्पसले कोसी प्रदेश सरकार समक्ष सवारी साधन खरिदका लागि प्रस्तावना पेस गरी उक्त स्रोतबाट प्राप्तहुने आम्दानीबाट विद्यार्थीको यातायात सुविधा विस्तारका लागि बस खरिद गर्न रकम विनियोजन गरिएको छ ।

**(ग) फर्निचर निर्माण तथा खरिदः**

माथिको तालिका ८ को बुँदा नं. १ (ग) अनुसार भौतिक सुधार एवम् पुँजीगत सुधारका लागि क्याम्पसले चालु आ.व. २०८०/०८१ को मङ्सिर महिनासम्ममा विश्वविद्यालय अनुदान आयोग नेपाल समक्ष फर्निचर खरिद/निर्माण र व्यवस्थापनका लागि रु. १२,५०,०००/- अनुदानको प्रस्तावना पेसगरी उक्त अनुदान प्राप्तहुने अनुमान गरिएको छ । यस अनुदानबाट निर्माणाधिन बुँदा नं. क (आ) मा उल्लिखित

भवनमा फर्निचरको व्यावस्थापन गर्नेगरी बजेट विनियोजन गरिएको छ । त्यसैगरी क्याम्पसको आन्तरिक स्रोतबाट **"पुराना फर्निचर प्रतिस्थापन योजना २०८०"** ले तोकेका मापदण्डका आधारमा बीबीएको सेक्सन थपहुने कक्षाकोठामा, अन्य कक्षाकोठा र कार्यालयका लागि फर्निचर निर्माण एवम् खरिद तथा व्स्थापन गर्न रकम विनियोजन गरिएको छ ।

(घ) **कार्यालय उपकरणः**

माथिको तालिका ८ को बुँदा नं. १ (घ) अनुसार क्याम्पस स्रोतबाट क्याम्पसका प्रशासनिक व्यवस्थापनका लागि आवश्यक पर्ने कम्प्युटर र प्रिन्टर र अन्य यन्त्र कार्यालय उपकरण खरिद गर्न रकम विनियोजन गरिएको छ ।

(ङ) **पुस्तक तथा पुस्तकालय स्तरीकरणः**

माथिको तालिका ८ को बुँदा नं. १ (ङ) अनुसार क्याम्पस स्रोतबाट **"पुस्तकालय व्यवस्थापनका लागि तयार गरिएको कार्यविधि तथा कार्ययोजना २०८०"** ले तोकेका कार्यहरू गर्न, सन्दर्भ सामग्री तथा पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरूको खरिद गर्न रकम विनियोजन गरिएको छ ।

(च)**वैज्ञानिक तथा शैक्षिक उपकरण खरिद तथा व्यवस्थापनः**

माथिको तालिका ८ को बुँदा नं. १ (च) अनुसारचन्दा/अनुदान तथा क्याम्पस स्रोतबाट शिक्षण सिकाइ क्रियाकलापको स्तरीकरणका लागि शिक्षक तथा कक्षाकोठहरूमा सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार, शिक्षण कार्यकुशलतामा अभिवृद्धि, आधुनिक शिक्षण विधिको सुनिश्चितताका लागि इन्टरेक्टिभ प्यानल बोर्ड र शैक्षिक उपकरणको खरिद र व्यवस्थापन गर्ने प्रयोजनका लागि रकम विनियोजन गरिएको छ ।

(छ) **Bio-Chemistry Lab/Non Technical Teaching Lab:**

माथिको तालिका ८ को बुँदा नं. १ (छ) अनुसार सुन्दरहरैंचा नगरपालिकामा प्रस्तावना पेस गरी प्राप्तहुने अनुदान रकमबाट विज्ञान विषय र अप्राविधिक विषयका लागि आवश्यक पर्ने प्रयोगशालाको पूर्वाधार तयार गरी प्रयोगशाला सञ्चालन गर्न रकम विनियोजन गरिएको छ ।

(ज)**आइटि/रोवोटिक्स/एआइ ल्यावः**

माथिको तालिका ८ को बुँदा नं. १ (ज) अनुसार क्याम्पसमा नन-क्रेडिट कोर्स अन्तर्गत आइटि/कोडिङ/रोवोटिक्स/आर्टिफिसियल इन्टेलिजेन्सका कार्यक्रमहरू सञ्चालन गरी रोजगारयुक्त जनशक्ति उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि कम्तिमा ३५ जनाले काम गर्न सक्ने प्रयोगशाला आवश्यक हुन्छ । उक्त कार्यक्रम सञ्चालनका लागि सुन्दरहरैंचा नगरपालिकामा प्रस्तावना पेस गरी प्राप्त हुने अनुदानबाट आइटि/कोडिङ/रोवोटिक्स/आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगशाला तयार गर्न रकम विनियोजन गरिएको छ ।

(झ)**विज्ञान अनुसन्धान प्रयोगशाला**

माथिको तालिका ८ को बुँदा नं. १ (झ) अनुसार सुन्दरहरैंचा नगरपालिकामा प्रस्तावना पेस गरी प्राप्त हुने अनुदानबाट गत वर्ष नगरपालिकाबाट निर्माण गरी हस्तान्तरण गरिएको अध्ययन अनुसन्धान प्रयोगशाला कक्षको स्तरीकरण गर्न रकम विनियोजन गरिएको छ ।

(ञ) **पानी तथा विद्धुतः**

माथिको तालिका ८ को बुँदा नं. १ (ञ) अनुसार यस उपशीर्षक अन्तर्गत क्याम्पस स्रोतबाट नयाँ निर्माण हुने कक्षाकोठा र अन्य कक्षाकोठा तथा कार्यालयका लागि आवश्यक पर्ने पिउनेपानीको आपूर्ति र अन्य आवश्यक स्थानमा विद्धुतिय सामग्रीको खरिद र व्यवस्थापन गर्न रकम वनियोजन गरिएको छ ।

(ट) **अन्य निर्माण र विविध सम्पत्तिः**

माथिको तालिका ८ को बुँदा नं. १ (ट) क्याम्पस स्रोतबाट साइकल स्टैण्ड, नयाँ शिक्षण भवनमा पुग्ने एजिङ तथा ग्राभेल, बसघर र शोधपुछ कक्ष समेतको निर्माण तथा व्यवस्थापन गर्न रकम विनियोजन गरिएको छ ।

## २.सञ्चालन खर्च

यस शीर्षक अन्तर्गत सञ्चालन खर्च अन्तर्गत शिक्षक कर्मचारीको तलव भत्ता, कार्यालय सञ्चालन, आन्तरिक परीक्षा, Non credit course and Remedial Class सञ्चालन, शिक्षक कर्मचारीको वृत्ति विकास, उपादान, सामाजिक सुरक्षा, योजना तथा नीतिनिर्माण, तालिम, सेमिनार, गोष्ठी, क्षमता अभिवृद्धिका कार्यक्रम, प्रस्तावना तयारी, सामाजिक सेवा कार्यक्रम, विद्‍यार्थी कल्याण, विद्‍यार्थी यातायात, टाइबेल्ट, परिचयपत्र, इन्धन, प्रशासनिक भ्रमण, अतिथि सत्कार, छपाइ, खेलकुद तथा अतिरिक्त कार्यक्रम, अवलोकन भ्रमण, अनुसन्धान, प्रकाशन, विज्ञापन तथा प्रचार प्रसार, लेखा परीक्षण, परिषद् खर्च, शोधकार्य, पत्रपत्रिका, मसलन्द, सञ्चार, मर्मतसंभार, सरेकारवाला सँग अन्तर्क्रिया, रोजगर प्रवर्धन सम्बन्धि कार्यक्रम, सूचना प्रणाली व्यवस्थापन, गुनासो व्यवस्थापनका लागि सर्भे, Tracer Study, Graduate Placement, वातावरणीय व्यवस्थापन, उत्सव/समारोह, प्रदर्शनी, भैपरिआउने लगायत क्याम्पसमा हुने सालबसाली खर्चहरूका लागि देहाय बमोजिम रकम विनियोजन गरिएको छः

**तालिका ९ः अनुमानित सञ्चालन खर्च (आ.व.२०८०/२०८१)**

| क्रस | सञ्चालन खर्च विवरण | २०७९/२०८० अनुमानित | २०७९/२०८० वास्तविक | २०८०/२०८१ अनुमानित | % |
|---|---|---|---|---|---|
| २ | **सञ्चालन खर्च** | **१३,४१,२७,६८४.९** | **१०,१२,५७,००५.५** | **१२,१८,४७,६९१** | ६५.७ |
| २.१ | **शिक्षण तथा प्रशासन तलव** | **९,४८,७६,१९४** | **८,०५,६८,९०५.५** | **८,०४,०५,१९०** | |
| | पूर्णकालीन, कोर्षकरार, अंशकालीन, प्रशासनिक भत्ता, घर विदा, सामाजिक सुरक्षा र विरामी विदा लगायतका सबै पारिश्रमिक | ९,४८,७६,१९४ | ८,०५,६८,९०५.५ | ८,०४,०५,१९० | |
| २.२ | **कार्यालय सञ्चालन खर्च** | **३,७५,७१,४९०.९५** | **२,००,६५,५८६** | **४,०७,४२,५०१** | |
| (१) | परीक्षा सञ्चालन | ४०,००,००० | २८,८४,५४७ | २७,००,००० | |
| (२) | Non credit and Remedial Class | ५,००,००० | ० | ६,००,००० | |
| (३) | फूलबारी तथा सजावट | १,००,००० | ० | १,००,००० | |
| (४) | विद्धुत तथा पानी | ८,००,००० | ४,९७,३८५ | ५,५०,००० | |
| (५) | सञ्चार | ४,००,००० | १,८१,१९४ | २,५०,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| (६) | मर्मत तथा सम्भार | २१,००,००० | १७,१७,९८७ | १७,००,००० | |
| (७) | औषधि उपचार र प्राथमिक उपचार कक्ष व्यवस्थापन | २,००,००० | २६,७७० | १,५०,००० | |
| (८) | विद्यार्थी यातायात खर्च | ३२,००,००० | २८,७०,७६१ | २९,००,००० | |
| (९) | इन्धन | १०,००,००० | ७,०६,०७४ | ७,००,००० | |
| (१०) | विज्ञापन/ प्रचारप्रसार/वडापत्र | ३,५०,००० | २,६३,६३८ | २,७०,००० | |
| (११) | बैङ्कचार्ज/व्याज भुक्तानी | २०,००० | १,२५५ | १०,००० | |
| (१२) | आर्थिक सहायता/चन्दा | १,५०,००० | १७,००० | १,५०,००० | |
| (१३) | बैठक | ३,००,००० | २,१४,७२५ | ३,००,००० | |
| (१४) | पोशाक | १,६८,००० | १,६८,००० | १,६८,००० | |
| (१५) | सामाजिक सेवा कार्यक्रम | ५,००,००० | ० | ३,००,००० | |
| (१६) | मसलन्द | ४०,०,००० | ३,०१,३९८ | ४,००,००० | |
| (१७) | पत्रपत्रिका | ५०,००० | ९,६०० | ५०,००० | |
| (१८) | प्रशासनिक भ्रमण | ५,००,००० | ५,१६,२८५ | ६,००,००० | |
| (१९) | थप शै.का. को तयारी, प्रस्तावना तयारी, रणनीतिक योजनामा सुधार, नीति निर्माण, SSR आदि | ३०,५०,००० | ७,२७,६२० | २०,००,००० | |
| (२०) | उत्सव/समारोह र पूजा | ४,००,००० | ३,७६,८३० | ६,५०,००० | |
| (२१) | अतिथि सत्कार | ८,००,००० | २,०६,५३० | ८,००,००० | |
| (२२) | ओभरटाइम खर्च | १,५०,००० | ३७,७०४ | १,५०,००० | |
| (२३) | कार्यालय विविध | ४,९३,४९०.९५ | १,३१,९४१ | ४,००,००० | |
| (२४) | छपाइ | ३,००,००० | १,४१,८९६ | २,५०,००० | |
| (२५) | विद्यार्थी कल्याण | १५,००,००० | १६,०४,३५० | २५,००,००० | |
| (२६) | छात्रवृत्ति | १५,००,००० | ९,३१,७०० | ३०,००,००० | |
| (२७) | शैक्षिक सामग्री | ६००,,००० | ३,७८,०४४ | ५,००,००० | |
| (२८) | अभ्यास शिक्षण | ४,००,००० | ४,६४,११० | ५,००,००० | |
| (२९) | शोधकार्य | ६,००,००० | ३,६१,५७० | ५,००,००० | |
| (३०) | स्ववियू निर्वाचन | ५,००,००० | ४,००,७२१ | ० | |
| (३१) | टाइबेल्ट तथा परिचयपत्र | ३,५०,००० | २,५७,७०५ | ३,००,००० | |
| (३२) | अतिरिक्त क्रियाकलाप | ६,००,००० | ७,५१,८७८ | ६,००,००० | |
| (३३) | क्याम्पस परिषद् खर्च | ५,००,००० | ४,२०,८२६ | ५,००,००० | |
| (३४) | अवलोकन भ्रमण | १०,००,००० | ५,८९,३६० | १०,००,००० | |
| (३५) | वृत्ति विकास | १५,००,००० | १,९५,३२५ | १५,००,००० | |
| (३६) | आन्तरिक लेखापरिक्षण | ७०,००० | ६०,५०० | ७०,००० | |
| (३७) | प्राज्ञिक परिक्षण | ५०,००० | ० | ५०,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| (३८) | वाह्य लेखापरिक्षण | ७०,००० | ६७,८०० | ७०,००० | |
| (३९) | सरोकारवाला सँग अन्तर्क्रिया | २,००,००० | ० | २,००,००० | |
| (४०) | पुरस्कार | २,००,००० | ३,४८८ | १,००,००० | |
| (४१) | उपादान | १०,००,००० | ० | २७,५४,५०१ | |
| (४२) | श्रम बजार उन्मुख कार्यक्रमको पहिचान, कार्यान्वयन र थप शै. कार्यक्रम | १५,५०,००० | ० | १०,००,००० | |
| (४३) | लैङ्गिक समता अभिवृद्धि कार्यक्रम सञ्चालन | २,००,००० | ० | २,००,००० | |
| (४४) | सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरिक्षण तथा मूल्याङ्कन, EMIS सफ्टवेयर नविकरण र अध्यावधिकरण, E-Library समेत | ५,००,००० | ३,९५,९९६ | ५,००,००० | |
| (४५) | मासिक शुल्क छुट सिमा | ५,००,००० | २,३०,७०० | ३,००,००० | |
| (४६) | Tracer Study, Graduate Placement | ५,००,००० | १,२०,००० | ४,००,००० | |
| (४७) | वातावरणीय व्यवस्थापन | ५,००,००० | ० | ५,००,००० | |
| (४८) | नविकरण/विमा | १,००,००० | ७७,०२३ | १,००,००० | |
| (४९) | RMC-Sukuna मार्फत सञ्चालन गरिने अनुसन्धान तथा व्यवस्थापन खर्च | २०,००,००० | ५,३४,६८० | ६३,००,००० | |
| (५०) | गुनासो व्यवस्थापन तथा सर्भे | १,५०,००० | ० | १,५०,००० | |
| (५१) | तालिम, सेमिनार, गोष्ठि, कार्यशाला, अन्तर्क्रिया, अभिमुखीकरण, शैक्षिक सम्मेलन, छलफल आदि | १०००,००० | २,२०,६७० | १०,००,००० | |
| **२.३** | **प्रकाशन खर्च** | **१६,८०,०००** | | **७,००,०००** | |
| (१) | अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, प्रतिवेदन, सुकुना संदेश आदि । | १०,००,००० | | ४,००,००० | |
| (२) | जर्नल प्रकाशन | | | | |
| (क) | अनुसन्धान व्यवस्थापन एकाइ | २,००,००० | ६,२२,५१४ | १,५०,००० | |
| (ख) | नेपाली/व्यवस्थापन विशेषाङ्क जर्नलहरू | ४,५०,००० | | १,५०,००० | |
| (ग) | अन्य (सुकुना सौरभ) | ३०,००० | | ० | |

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा नगरपालिका, मोरङ स्था. २०४८

माथिको तालिका ९ मा विभिन्न शीर्षक तथा उपशीर्षकमा उल्लेख गरिएको आ.व.२०८०/२०८१ को अनुमानित सञ्चालन खर्चको व्याख्या देहायबमोजिम गरिएकोछः

**(१) शिक्षण तथा प्रशासन तलवः**

यस शीर्षक अन्तर्गत क्याम्पसमा कार्यरत पूर्णकालीन शिक्षक तथा कर्मचारी, कोर्सकरार शिक्षक, अंशकालीन शिक्षक, तिनीहरूको घरविदा तथा विरामी विदा, ग्रेड, सामाजिक सुरक्षा कोष, सुरक्षा गार्ड, स्वीपर-मेतहर, मालीको तलव तथा भत्तामा एवम् पारिश्रमिक भुक्तानी गर्दा लाग्ने खर्च विनियोजन गरिएको छ । यस शीर्षकमा रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्वन गरिएको छः

१.१ गत आव २०७९/२०८० मा निर्धारित तलव स्केलअनुसार शिक्षक तथा कर्मचारीहरूले साविकमा खाइपाइ आएको तलव, भत्ता, विरामी विदा, घरविदा, सामाजिक सुरक्षा, साविकका सेवाशर्त कायम रहने गरी पारिश्रमिक वापतको रकम बुँदा नं. २.१ मा विनियोन गरिएको छ ।

१.२ बुँदा नं. २.१ मा उल्लिखित बजेटबाट आगामी माघ देखि लागु हुनेगरी बिआईसिटि (BICTE) तर्फ एक जना शिक्षकलाई पूर्णकालीन नियुक्ति गर्दा लाग्ने तलव भत्ता समावेश गरिएको छ । यसका लागि क्याम्पस सञ्चालक समितिले शिक्षक सेवा आयोगलाई कार्यादेश दिई सेवा आयोगले प्रक्रिया सञ्चालन गर्नेछ ।

१.३ बुँदा नं. २.१ मा माध्यमिक तह कक्षा ११ र १२ तर्फका शिक्षक तथा कर्मचारीहरूको तलव भत्ता समावेश गरिएको छैन ।

१.४ सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको तहगत वा श्रेणिगत तलव स्केल, भत्ता, ग्रेड साविकको अनुसूचीमा उल्लेख गरेबमोजिम हुनेछ । उक्त अनुसूची यस बजेट पुस्तिकाको अनुसूची १ मा समावेश गरिएको छ ।

१.५ सेमेस्टर कार्यक्रम अन्तर्गत एम. एड., एम. बी. एस., बी. बी. ए. र बी. आई. सी. टी. ई. कार्यक्रममा कार्यरत शिक्षकहरूले साविकमा तोकिएको शिक्षण कार्यभारमा साविकमा खाइपाई आएको तलवमा माथि उल्लिखित बुँदा नं. १.१ अनुसार नै हुनेछ ।

१.६ सामाजिक सुरक्षा कोषमा सूचिकृत भएका र यस वर्ष सूचिकृत हुने शिक्षक तथा कर्मचारीहरूको प्रचलित ऐन तथा नियमावलीअनुसार आधारभूत तलव स्केलको तोकिएको रकम कट्टा गर्दा लाग्ने रकम उल्लिखित बुँदा नं. १.१ मा विनियोजन गरिएको छ ।

१.७ तोकिएको बजेटको सिमा भित्र रहनेगरी क्याम्पस सञ्चालक समितिले आवश्यकता, औचित्य, अनुसन्धान, जर्नल आर्टिकल लेखन, कार्यक्षमता, विषयविज्ञता र सिकाइ उपलब्धिका आधारमा बढुवा गर्ने शिक्षक सङ्ख्या निर्धारण गरी शिक्षकहरूको बढुवा गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

१.८ कम्तिमा एक शैक्षिक सत्रमा अंशकालीन भई अध्यापन गरी अविच्छिन्न सेवारत अंशकालीन शिक्षकलाई कोर्सकरार वापत बाह्र महिनामा नबढ्ने गरी साविकमा तोकिएको पारिश्रमिक भुक्तानी गर्नका लागि उल्लिखित बुँदा नं. १.१ मा विनियोजन गरिएको छ ।

१.९ दुई घण्टीसम्मको कोर्स करारमा कार्यरत शिक्षकहरूले अतिरिक्त कक्षा अध्यापन गर्नु परेमा दुई घण्टीभन्दा बढि कार्यभारका लागि निजले खाईपाई आएको रकममा बुँदा नं. १.१ मा विनियोजन गरिएको छ ।

१.१० माथि जेसुकै लेखिएको भएता पनि वार्षिक प्रणाली अन्तर्गतका कार्यक्रमहरूका लागि बाह्र महिनाभन्दा बढि र सेमेस्टर प्रणाली अन्तर्गत प्रति सेमेस्टर छ महिनाभन्दा बढिको पारिश्रमिक भुक्तानी गरिने छैन ।

१.११ अंशकालीन पिरियड वेसिस शिक्षकहरूका लागि प्रति १०० पूर्णाङ्कको प्रतिघण्टी निजले साविकमा खाईपाई आएको रकममा बुँदा नं. १.१ मा समावेश गरिएको छ ।

१.१२ पूर्णकालीन शिक्षकहरूले एउटै सिफ्टमा तोकिएको कार्यभारभन्दा बढि कक्षा अध्यापन गराउनु परेमा प्रति १०० पूर्णाङ्कका लागि साविकमा खाईपाई आएको रकमर प्रति ५० पूर्णाङ्कका लागि बुँदा नं. १.१ मा विनियोजन गरिएको छ ।

१.१३ व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन शिक्षकको व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन शिक्षकहरूको कार्यभार गणनागर्दा सोहीसत्रको एम.बी.एस. कक्षा अध्यापन गरेमा ३ क्रेडिट आवरका लागि दैनिक ०.७५ घण्टी (प्रति क्रेडिट आवरका लागि साप्ताहिक ४.५ घण्टी) मानिनेछ र तोकिएको बाँकी कार्यभार अन्य कक्षाहरूबाट पूरा गरिनेछ । तर तोकिएको कार्यभार सोहिसत्रको अन्य कक्षाबाट पूरा भई एम.बी.एस. कक्षाहरू अध्यापन गरेमा सेमेस्टर प्रणालीमा अध्यापन गर्ने अन्य शिक्षकसरह साविकको दरमा पारिश्रमिक दिइनेछ ।

१.१४ वार्षिक परीक्षा प्रणाली अन्तर्गत स्नातक तहमा एक वर्ष अध्यापन पूरा नगरेका शिक्षकहरूका लागि प्रति १०० पूर्णाङ्कको प्रतिकक्षा र प्रतिविषयका लागि साविकमा खाईपाई आएको रकममा बुँदा नं. १.१ मा उल्लेख गरिएको छ ।

१.१५ बेलुकी सत्रका सहायक क्याम्पस प्रमुखको सोहि सत्रको कार्यभार ६ क्रेडिट आवर हुनेछ । साथै अन्य सत्रमा स्नातक तहको कक्षा लिएमा प्राप्त गर्ने पारिश्रमिक बुँदा नं १.१ मा समावेश गरिएको छ । उल्लेख गरिएको दर बमोजिम पारिश्रमिक हुनेछ । तर निजलाई अन्यत्र कक्षा दिने वा नदिने वा कति कक्षा दिने भन्ने विषयमा उपलब्ध जनशक्तिको व्यवस्थापन, प्रशासनिक काममा दिनु पर्ने समय, नीति निर्माण तथा अनुगमन एवम् सुपरिवेक्षणमा दिनुपर्ने समय र जिम्मेवारीको गहनता तथा बाँडफाँडका आधारमा सन्तुलन कायम गरी क्याम्पस प्रमुखले निर्णय गर्नु पर्नेछ ।

१.१६ अध्यापन गर्दै जाँदा निश्चित समयपछि कुनै कक्षा वा विषयको सेक्सन विभाजन भएमा र त्यसरी विभाजित कक्षा वा सेक्सनमा कुनै शिक्षकलाई थप जिम्मेबारी दिनु परेमा जुन महिना देखि सेक्सन विभाजन भएको हो सोहि महिनाबाट उक्त कक्षा वा सेक्सनको स्वभाविक रुपमा कोर्स पूरा हुने समयसम्मको मात्र पारिश्रमिक भुक्तानी गरिनेछ । यसोगर्दा सेक्सन विभाजन हुनुभन्दा अगाडि र स्वभाविक रुपमा कोर्स पूरा हुने समयभन्दा पछिको समयको पारिश्रमिक भुक्तानी गरिने छैन । यस्तो अवस्थामा सेक्सन खुलेपछि कोर्स पूरा हुने समयको मात्र पारिश्रमिक भुक्तान गरिनेछ । यसका लागि सम्बन्धित विभागका विभागीय प्रमुख र सम्बन्धित सत्रका सहायक क्याम्पस प्रमुखले सेक्सन खुलेको मिति, शिक्षणको जिम्मेवारी प्राप्त शिक्षक र निजले सो सेक्सनमा खुद शिक्षण गरेको समयावधिको अभिलेखीकरण गरी पारिश्रमिकको लागि सिफारिस गर्नु पर्नेछ ।

१.१७ पूर्णकालीन, कोर्स करार, अंशकालीन करार र अन्य कुनै पनि प्रकृतिका शिक्षकको हाजिरी सिफारिस गर्ने अधिकारीले पठनपाठन शुरु भएको मिति तथा समय,कक्षा, पूर्णाङ्क, क्रेडिट आवर,सेक्सन

विभाजन वा कक्षा थप भएको समय, कक्षाभार, शिक्षकको हाजिरी, पठनपाठन भएको दिन, अनुपस्थित दिन र स्वभाविक रुपमा कोर्स पूरा भएको महिना र दिन सहितको विवरण स्पस्ट खुल्ने गरी सिफारिस गर्नु पर्नेछ । यस्तो सिफारिस विना तलव भत्ता निकाशा गरिने छैन ।

१.१८ पूर्णकालीन वा अस्थायी वा स्थायी शिक्षकले तोकिएको कार्यभार वा कक्षा वा विषयको शिक्षण गर्न असमर्थ भएमा वा कक्षा लिन नामञ्जुर गरेमा वा तयार नभएमा वा क्याम्पसले कक्षाभार पुर्याउन नसकेमा क्याम्पस विधान २०७७ अनुसार त्यस्ता शिक्षकहरूले खाईपाई आएको मासिक तलवभत्तालाई न्युनतम कक्षा लिनका लागि तोकिएको कक्षाभारले भाग गरी प्राप्तहुने भागफल बराबर प्रतिघण्टीका दरले पारिश्रमिक भुक्तान गरिनेछ ।

१.१९ पाठ्यक्रमले तोकेको समय-पाठ्यभारलाई आधार मानी क्याम्पसले कुनै पनि तह वा विषय वा कक्षा वा सेक्सनको पठनपाठन शुरुहुने मिति र पठनपाठन अन्यहुने मिति वा पाठ्यक्रमले तोकेको शिक्षण गर्नुपर्ने स्वभाविक समयावधि निर्धारण गरी प्रत्येक सङ्काय, विभाग, कार्यक्रम, सङ्काय प्रमुख, विभागीय प्रमुख र शिक्षकलाई कक्षा सञ्चालन हुनु अगावै औपचारिक जानकारी वा सूचना गर्ने र निर्धारण गरिएको शिक्षण गर्नुपर्ने भनी तोकिएको स्वभाविक समयावधि अगावै अस्वभाविक ढङ्गले कुनै पनि शिक्षकले कोर्स पूरा गर्न पाइने छैन । तोकिएको समयभन्दा अगावै अस्वभाविक ढङ्गले कोर्स पूरा गरेमा वा गरेको पाइएमा त्यस्ता शिक्षकहरूलाई क्याम्पस पदाधिकारी समितको बैठकले त्यस्ता शिक्षकका लागि निश्चित नियम र सिमा निर्धारण गरी सो नियमका आधारमा पारिश्रमिक कट्टा गरी गराई मूल्याङ्कनको आधार बनाउनु पर्नेछ ।

१.२० क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, कार्यक्रम निर्देशक, विभागीय प्रमुख, बी.आई.सी.टी.ई. फोकल पर्सन, प्रशासन प्रमुख, लेखा प्रमुख र विश्वविद्यालय अनुदान आयोगको NEHEP का फोकल पर्सनका लागि भत्ता साविकअनुसार नै हुनेछ ।

१.२१ माथि जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै शिक्षकलाई एउटै सिफ्टमा चार घण्टी भन्दा बढि वा ४०० पूर्णाङ्कभन्दा बढि कार्यभार तोकिने छैन । तर कारणवस तत्काल अर्को जनशक्ति व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को जनशक्ति नपाइएमा विषय मिल्ने वहाल रहेका शिक्षकलाई अल्पकालका लागि १०० पूर्णाङ्कसम्म कक्षाभार थप गरिनेछ र यस अवस्थामा पाँचौं विषयका लागि अंशकालीन पिरियड वेसिसका शिक्षकको पारिश्रमिक बराबर हुनेमात्र पारिश्रमिक भुक्तानी गरिनेछ ।

१.२२ तोकिएको खर्चको सिमाभित्र रहि पूर्णकालीन कर्मचारीहरूका लागि तोकिएको पोशाक खर्चका लागि रकम विनियोजन गरिएको छ ।

**(२) कार्यालय सञ्चालन खर्च**

कार्यालय सञ्चालन खर्च माथि उल्लिखित तालिका ९ (२.२) मानै स्पस्ट खुलाइएको छ । जसमध्ये स्पस्ट पार्नुपर्ने उपशीर्षक र रकमको व्याख्या देहायबमोजिम छः

२.१ परीक्षा सञ्चालन अन्तर्गत क्याम्पसको कार्यपात्रोमा उल्लेख गरिएको समयमा अध्ययनरत विद्यार्थीहरूको आन्तरिक तथा प्रयोगात्मक परीक्षा र खासखास कक्षाको वाह्य परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र पृष्ठपोषणका लागि लाग्ने खर्च एवम् नियमानुसार सेमेष्टर

प्रणालीको आन्तरिक परीक्षा खर्च समेत समावेश गरिएको छ ।

२.२ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक ज्ञानका अतिरिक्त अन्य व्यवहारिक ज्ञान र सीपको विकास गर्न निर्धारण गरिएको Non-credit Course को कार्यान्वयनका लागि विद्यार्थीहरूको लागत सहभागितामा कार्यक्रम सञ्चालन र प्रमाणीकरण गर्न लाग्ने खर्च समावेश गरिएको छ । यसका साथै सिकाइमा कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक कक्षा (Remedial Clases) सञ्चालन गर्दा लाग्ने खर्च समेत समावेश गरिएको छ ।

२.३ मर्मत सम्भार खर्च अन्तर्गत क्याम्पसका झ्यालढोका, डेक्सबेञ्च, भवन, कक्षाकोठामा भएका टुटफूट एवम् इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामग्री आदिको पुनर्व्यवस्थापन र पुनर्निर्माणका लागि लाग्ने खर्च समावेश गरिएको छ ।

२.४ यातायात खर्च अन्तर्गत क्याम्पसले विद्यार्थीका लागि सञ्चालन गरेको बससेवाको भाडा वा सम्झौताअनुसारको यातायातका लागि बसको ठेक्कावापत लाग्ने खर्च समावेश गरिएको छ । यसका लागि विद्यार्थीहरूको लागत सहभागिता समेत समावेश गरिएकोछ ।

२.५ विज्ञापन खर्च अन्तर्गत क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसार, विज्ञापन तथा डकुमेण्ट्रिका र बडापत्र सुधारका लागि लाग्ने खर्च समावेश गरिएको छ ।

२.६ टाई-बेल्ट अन्तर्गत विद्यार्थीलाई वितरण गरिने टाई, बेल्ट र परिचयपत्र वापत लाग्ने खर्च समावेश गरिने छ ।

२.७ सामाजिक सेवा कार्यक्रम अन्तर्गत क्याम्पसको पहुँच विस्तार,क्याम्पसको प्रचारप्रसार,पहिचान कायम र सामाजिक सेवामा योगदान पुर्याउनका लागि आवश्यक पर्ने रकम समावेश गरिएको छ ।

२.८ भ्रमण खर्च अन्तर्गत क्याम्पसको प्रशासनिक कार्यका लागि आवश्यक स्थान र क्षेत्रमा गरिने खर्च समावेश गरिएको छ ।

२.९ थप शैक्षिक कार्यक्रमको तयारी, विभिन्न विषयका प्रस्तावना तयारी, रणनीतिक योजनामा समसामयीक सुधार, क्याम्पसका लागि आवश्यक पर्ने नीति, कार्यक्रम, कार्यविधि, निर्देशिका र शिक्षक कर्मचारीको छनोट, नियुक्ति र वढुवा विनियम तर्जुमा तथा परिमार्जन, SSR र QAA को प्रक्रियापूरा गर्न एवम् तिनीहरूको अभिलेखीकरणका लागि आवश्यक पर्ने रकम समावेश गरिएको छ

२.१० विद्यार्थी कल्याण अन्तर्गत क्याम्पसको नियमअनुसार अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीको शुल्क सहुलियत (Student Freeship) का लागि आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

२.११ छात्रवृत्ति अन्तर्गत क्याम्पसमा अध्ययनरत प्राप्ताङ्कमा उत्कृष्टता हासिल गर्ने, जेहेन्दार र नियमित विद्यार्थीहरूलाई निर्धारित छात्रवृत्ति कार्यविधिले तोकेका मापदण्ड र विधिका आधारमा दाताहरूबाट प्राप्त भएको रकम, अक्षयकोषको व्याज, दाताहरूबाट प्राप्तहुने अनुदान, विभिन्न सङ्घ/संस्थाबाट प्राप्त गिरने अनुदान र क्याम्पस कोषबाट समेत छात्रवृत्ति (Scholarship) प्रदान गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएकोछ ।

२.१२ खेलकुद शीर्षक अन्तर्गत क्याम्पसले विद्यार्थीहरू बिचमा गरिने साप्ताहिक अतिरिक्त क्रियाकलाप कार्यक्रमको व्यवस्थापन र सञ्चालनका लागि रकम विनियोजन गरिएको छ ।

२.१३ अवलोकन भ्रमण शीर्षक अन्तर्गत विभिन्न कक्षाका विद्‌यार्थीहरूको अवलोकन भ्रमणका लागि भ्रमणको आवश्यकता, औचित्य, महत्त्व र सम्भावित उपलब्धिको मूल्याङ्कनका आधारमा अधिकतम रु.४,००,००००/- सम्म र सञ्चालक समिति,लेखा समित, पुनरावेदन समिति, क्याम्पस प्रशासन, विभागिय प्रमुख,शिक्षक तथा कर्मचारीको प्रतिनिधित्व हुनेगरी अवलोकन भ्रमण गर्नका लागि रु. ६,००,०००/- सम्मको अवलोकन भ्रमण गर्नेगरी रकम विनियोजन गरिएको छ ।

२.१४ शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत अभ्यास शिक्षण गर्ने विद्‌यार्थीहरूको अभ्यास शिक्षण कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि लाग्ने रकम समावेश गरिएको छ ।

२.१५ स्नातकोत्तर तह र स्नातक तहका विद्‌यार्थीहरूले गर्ने शोधकार्य र प्रोजेक्टवर्क सञ्चालन र व्यवस्थापनका लागि शोधकार्य शीर्षकमा रकम विनियोजन गरिएको छ ।

२.१६ वृत्ति विकास अन्तर्गत शिक्षक तथा कर्मचारीहरूको उच्चशिक्षा अध्ययन र क्षमता विकासका लागि देहायअनुसारका कार्य गर्न आवश्यक रकम विनियोजन गरिएको छः

(क) क्याम्पस विधान २०७७ ले तोकेबमोजिम शिक्षक तथा कर्मचारीहरूका लागि एम.फिल. तथा विद्यावारिधिको अध्ययन कार्यमा प्रोत्साहन गर्ने ।

(ख) यस क्याम्पसमा कार्यरत कर्मचारीहरू मध्येबाट यस क्याम्पसको स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्न चाहेमा यस वर्ष बढिमा चार जना कर्मचारीहरूलाई तोकिएको प्राज्ञिक शैक्षिक सत्रसम्मको अध्ययन गर्न रजिष्ट्रेसन शुल्क, आन्तरिक तथा वाह्य परीक्षा शुल्क र प्रमाणपत्र शुल्क वाहेका अन्य सबै शुल्क बराबरको रकम छात्रवृत्ति दिने ।

(ग) शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, सेमिनार, गोष्ठि, कार्यशाला, सम्मेलन, प्रदर्शनी, प्रवोधिकरण, नवप्रवर्तन गर्ने, त्यस्ता कार्यक्रममा सहभागी गराउन र विशेषज्ञता प्रस्तुत गर्न/गराउन प्रोत्साहन गर्ने ।

(घ) काठमाडौं विश्वविद्यालय सँग गरिएको सम्झौताअनुसार बढिमा तीस जनासम्म शिक्षक तथा कर्मचारीहरू सहभागी हुनेगरी सहभागी हुने शिक्षक तथा कर्मचारीहरूले कुल लागतको ३३ प्रतिसत लागत सहभागीता हुने गरी (३+३=६क्रेडिट आवर) को Advanced Research Methodology and Innovation for Student Support कोर्स सँग सम्बन्धित क्रियाकलापको माध्यमबाट वृत्ति विकास गर्न रकम विनियोजन गरिएको छ । यस शीर्षकबाट अपुग भएमा अनुसन्धान बजेटबाट समायोजन गरिने छ ।

२.१७ श्रवबजार उन्मुख कार्यक्रमको पहिचान, सञ्चालन, Incubation Centre को स्थापनाको पूर्वाधारको तयारी र यस सँग सम्बन्धित तालिमका लागि रकम विनियोजन गरिएको छ ।

२.१८ क्याम्पसमा सूचना प्रणाली व्यवस्थापन गर्ने, सफ्टवेयर र इलाइब्रेरीको नविकरणका लागि रकम विनियोजन गरिएको छ ।

२.१९ अनुसन्धान खर्च अन्तर्गत देहायबमोजिमका कार्य गर्न आवश्यक रकम विनियोजन गरिएकोछः

(क) अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरू मध्येबाट एकाइको निर्देशिक/कार्यविधिले तोकेका शर्तहरू पूरा हुनेगरी पेस भएका अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन, बस्तुनिष्ठता, समसामयीकता र उत्कृष्टताका आधारमा छनोट भएका र

२०८० कार्तिक महिना पछि सम्झौता गरिएका प्रति लघुअनुसन्धान रु ४८,०००/- का दरले अनुसन्धान अनुदान उपलब्ध गराउने गरी लघु अनुसन्धान सम्पन्न गर्दा लाग्ने खर्च विनियोजन गरिएको छ । गतवर्ष लघुअनुसन्धानका लागि गरिएका सम्झौताहरूका हकमा साविक बमोजिमको दररेटका आधारमा भुक्तानी गरिने छ ।

(ख) लघु अनुसन्धानका लागि विशेषज्ञ सेवा, अनुसन्धान सहजिकरण, अभिलेखीकरण र व्यवस्थापकीय कार्यका लागि लाग्ने खर्च यसै शीर्षकमा समावेस गरिएको छ । जसअनुसार वाह्य विशेषज्ञका लागि प्रति लघुअनुसन्धान रु. ६,५००/- र लघुअनुसन्धान सहजिकरणका लागि प्रति लघुअनुसन्धान रु.२,०००/- रकम विनियोजन गरिएको छ । तर गत वर्षका लघुअनुसन्धानका हकमा साविक कै दररेट कायम हुनेछ ।

(ग) क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको लागि अनुसन्धानमूलक जर्नल आर्टिकल लेखनमा प्रोत्साहन गर्न अन्तर्राष्ट्रिय स्तरका जर्नल आर्टिकल लेखन तथा प्रकासन गर्ने शिक्षक कर्मचारीहरूलाई प्रति लेखका लागि रु. २५,०००/-, राष्ट्रिय स्तरका जर्नल आर्टिकल लेखन र प्रकासनका लागि प्रति लेख रु. १०,०००/-, अन्य कुनै क्याम्पस वा प्रतिष्ठान वा अनुसन्धान केन्द्र वा निकाय र यस क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट प्रकासन हुने वीज्ञ समिक्षीत जर्नल आर्टिकल लेखन वापत प्रति आर्टिकल रु. ६,०००/-लेखक प्रोत्साहन रकम विनियोजन गरिएको छ । यस क्याम्पसबाट प्रकाशन गरिने जर्नका हकमा उक्त दररेट २०८० कार्तिक पछि लागु हुनेछ ।

(घ) भाषिक, साहित्यीक, राजनीतिक, आर्थिक, दार्शनिक, शैद्धान्तिक, लैङ्गीक, समता, रैथाने विषय, समसामयीक विषयबस्तु र पाठ्यक्रमले तोकेका गहनतम विषयबस्तु तथा मुद्दा जस्ता बहुविषयक क्षेत्रहरू समेट्ने गरी अनुसन्धानमा आधारित लेखहरू समावेश भएको *"Academic Handbook of Sukuna"* नामको सम्पादित पुस्तकको लेखन र प्रकाशनका लागि लाग्ने रकम यसै शीर्षकमा समावेश गरिएको छ । यसका लागि अनुसन्धान व्यवस्थापन एकाइले आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ । यस्तो सम्पादित पुस्तकका लेखहरू विज्ञ समिक्षीत हुनेछन् ।

(ङ) क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट प्रकासन हुनेविज्ञ समिक्षीत विशेषाङ्क वा अन्तरविषयक जर्नल प्रकासनको व्यवस्थापन, सम्पादन, परिमार्जन, प्राविधिक पक्ष र विशेषज्ञ तथा अभिलेखीकरण आदिका लागि लाग्ने खर्चका विषयमा पदाधिकारी समितिले तोकेको रकम अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले खर्च व्यवस्थापन गर्नेछ ।

(ङ) स्नातकोत्तर तहको शोधपत्र, शिक्षक तथा कर्मचारीले गर्ने लघुअनुसन्धान प्रतिवेदन र विज्ञ समिक्षीत जर्नल आर्टिकलको Plagiarism (साहित्यिक चोरी) परीक्षणका लागि Anti-plagiarism Software को व्यवस्थापनका लागि रकम विनियोजन गरिएको छ ।

(छ) यस क्याम्पसको स्नातकोत्तर तहको पाठ्यक्रमले निर्दिष्ट गरेअनुसारको शोधकार्य गर्नका लागि निर्दिष्ट शैक्षिकसत्र भित्रमा शोधकार्य सम्पन्न गर्ने विद्यार्थीहरूका लागि शोधपत्रको प्रस्तावना र शोधकार्यको गुणस्तर, मौलिकता गहनता, विषयबस्तु र शुद्धताका आधारमा बढिमा ४ जना छात्र र ४ जना छात्रा गरी ८ जना शोधार्थीका लागि प्रति शोधकार्य रु. १५,०००/- का दरले "शोधपत्र प्रोत्साहन

कार्यक्रम" सञ्चालन गर्न लाग्ने रकम विनियोजन गरिएको छ । यसका लागि सम्बन्धित विभागको रायसल्लाहर समन्वयमा अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) ले आवश्यक व्यवस्थापन कार्य गर्नेछ ।

(ज) अनुसन्धानका क्षेत्रमा विनियोजित रकम मध्ये कम्तिमा ६० प्रतिसत अनुसन्धान, आर्टिकल लेखन लेखन प्रोत्साहन तथा क्षमता अभिवृद्धि, सर्भे, जर्नल प्रकाशन, अनुसन्धानमा आधारित सम्पादित पुस्तक प्रकाशन र शोधप्रवन्ध प्रोत्साहनमा प्रयोग गरिनेछ र बढिमा ४० प्रतिसत विज्ञ व्यवस्थापन, RMC-Sukuna को व्यवस्थापन, अनुगमन, परामर्श र अभिलेखीकरणमा खर्च गरिने छ ।

२.२० क्याम्पस, पठनपाठन, परीक्षा, क्याण्टिन, अतिरक्त क्रियाकलाप, प्रशासनिक सेवा, छात्रवृत्ति, शुल्क सहुलियत, लैङ्गिक आदि जस्ता समसामयिक विषयको गुनासो सङ्कलन, व्यवस्थापन र सम्बोधनका लागि विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, चन्दादाता र अन्य सरोकारवालाहरूमा सर्भे कार्य सम्पन्न गर्नका लागि रकम विनियोजन गरिएको छ ।

२.२१ तालिम, सेमिनार, गोष्ठि, छलफल, कार्यशाला, सम्मेलन अन्तर्क्रिया, अभिमुखीकरण अन्तर्गत देहायका कार्य गर्न रकम विनियोजन गरिएको छ ।

(क) क्याम्पसमा Market Driven Program को सम्भाव्यता अध्ययन, त्यसका लागि पूर्वाधार निर्माण, त्यस्ता कार्यक्रमको अध्ययन गर्ने ।

(ख) क्याम्पसबाट उत्पादन हुने विद्यार्थीहरूका लागि श्रम बजारको खोजी गर्न र स्थापन सेवा प्रदान गर्न Labour Market Survey गर्ने ।

(ग) विद्यार्थी भर्ना दर अभिवृद्धि गर्न, विद्यार्थी पास आउट वृद्वि गर्न, ड्रप आउट घटाउन, पाठ्यक्रम केन्द्रित छलफल र अन्तर्क्रिया गर्ने ।

(घ) लैङ्गिक, अपाङ्गता, दलित, आदिवाशी, अल्पसङ्ख्यक र वौद्धिक असक्षमता भएका विद्यार्थीहरूका लागि समतामूलक कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने ।

(ङ) Disater Management Training, Climate management Training, Social awareness program, Research Training, Article Writing Training and Workship, Training for good governance जस्ता विषय सँग सम्बन्धित मुद्दाहरूमा छलफल, अन्तर्क्रिया, सम्मेलन, गोष्ठि, सेमिनार सञ्चालन र त्यसको अभिलेखीकरण गर्ने ।

(च) यसका अतिरिक्त पाठ्यक्रम अभिमुखीकरण, शोधपत्र लेखन अभिमुखीकरण, आसीटी तालिम, पुस्तकालय तथा सफ्टवेयर, बैङ्किङ, उद्धमी संवाद जस्ता विषयमा छलफल, तालिम तथा सेमिनार सञ्चालन गर्ने ।

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा नगरपालिका, मोरङ स्था. २०४८

**(३) प्रकाशन खर्च**

३.१ अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, प्रतिवेदन, सुकुना संदेशआदिको प्रकाशनका लागि तालिकामा रकम उल्लेख गरिएको छ ।

३.२ जर्नल प्रकाशन अन्तर्गत अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) बाट प्रकाशन गरिने Peer Reviewed अन्तरविषायक जर्नलतथा विशेषाङ्क जर्नलका लागि रकम विनियोजन गरिएको छ ।

## ३. धरौटि तथा भुक्तानी गर्नुपर्ने दायित्व

यस शीर्षक अन्तर्गत क्याम्पसले त्रिभुवन विश्वविद्यालय र परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्ने विद्यार्थी रजिष्ट्रेसन एवम् परीक्षा शुल्क, स्ववियूलाई बुझाउनु पर्ने रकम, प्रयोगशाला एवम् पुस्तकालय धरौटी फिर्ता वापतको रकम र गत वर्षको भुक्तानी दिनु पर्ने दायीत्वको रकम विनियोजन गरिएको छ । उक्त शीर्षकमा हुने खर्चलाई तलको तालिकामा प्रस्तुत गरिएकोछः

**तालिका १०: अनुमानित धरौटी खर्च तथा भुक्तानी दिनुपर्ने दायित्व (आ.व.२०८०/२०८१)**

| क्रस | धरौटी तथा दायित्व विवरण | २०७९/२०८० अनुमानित | २०७९/२०८० वास्तविक | २०८०/२०८१ अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| ३.१ | **धरौटि खर्च** | **१,०३,६९,२१०** | **७५,७७,७७५** | **८०,९१,७२०** | |
| (क) | त्रि.वि. दर्ता | ८,१७,००० | ५,६३,५०० | ४,५०,५०० | |
| (ख) | त्रि.वि. परीक्षा | ४८,४३,८१० | ५०,४०,४४५ | ४४,६६,३२० | |
| (ग) | पुस्तकालय धरौटी | १४,२७,५०० | ४,१७,२३० | ८,१०,००० | |
| (घ) | प्रयोगशाला धरौटी | २,४०,००० | १,००,००० | १,६०,००० | |
| (ङ) | स्वतन्त्र विद्यार्थी युनियन | ४,५४,२०० | १,८०,५०० | ३,०४,९०० | |
| (च) | अन्य विद्यार्थी धरौटी र सम्वन्धन | २५,८६,७०० | १२,७६,१०० | १९,००,००० | |
| ३.२ | **भुक्तानी दिनुपर्ने** | **१०,३५,८४३** | **१२,९०,३१८** | **१२,९०,३१८** | |
| (क) | लेखा परिक्षण शुल्क | ६७,८०० | ६७,८०० | ६७,८०० | |
| (ख) | सेक्युरिटि डिपोजिट | २,९६,३७८ | ० | ० | |
| (ग) | आय तथा अन्य कर | १,६२,३८७ | १०,९५,३६३ | १०,९५,३६३ | |
| (घ) | अभ्यास शिक्षण तथा परीक्षा | १,०८,२५३ | ० | ० | |
| (ङ) | अन्य धरौटी | ० | ७९,३५५ | ७९,३५५ | |
| (च) | प्राध्यापक कर्मचारी बचत वृद्धि | ४,०१,०२५ | ४७,८०० | ४७,८०० | |
| | **धरौटी र दायित्व जम्मा(३.१+३.२)** | **१,१४,०५,०५३** | **८८,६८,०९३** | **९३,८२,०३८** | |

## ४.क्याम्पस कोष

माथिको समष्टिगत आम्दानी तालिका १ र समष्टिगत खर्च तालिका ७ का आधारमा प्राप्त हुने अनुमानित आम्दानी र विनियोजित खर्च कटाउँदा यस आ.व. मा रु.२,६९,५७,६६१/१० बचत हुन गई क्याम्पस कोषमा रहने देखिन्छ । बचत हुने यस कोषबाट देहायका कार्यहरू गर्ने गराउनेः

(१) क्याम्पस विधान २०७७ को व्यवस्थाअनुसार हालसम्म २९ जना शिक्षक र १२ जना कर्मचारी गरी ४१ जनाले तोकिए बमोजिमको उपादान पाउन सक्ने अवस्था रहेको छ । हालसम्म यस शीर्षकका लागि जम्मा रु. २,९२,९६,८०१/= खर्च हुने देखिन्छ । यस आर्थिक वर्षमा २ जना शिक्षक र १ जना कर्मचारी निवृत्त हुँदा रु. २७,५४,५२८/= भुक्तानी हुने र बाँकी रहेको रु. २,६५,४२,२७३/= क्याम्पसले भुक्तानी गर्ने दायित्व रहनेछ ।

(२) क्याम्पस सञ्चालक समितिको मिति २०७८ जेठ २७ गते बसेको बैठकको निर्णयअनुसार क्याम्पस विधान २०७७ ले तोकेको उपादान पाउनयोग्य शिक्षक तथा कर्मचारीहरूको उपादान प्रोयोजनका लागि मिति २०७७ चैत्र मसान्तसम्मको सेवा अवधि र तलव स्केल गणना गरी सो मिति पछि उपादानको समयावधि गणना नगर्ने र सोहि मितिसम्मको तलव स्केल कायम गरी विधानले तोकेको दररेटमा उपादान दिने साथै २०७८ वैशाखदेखि प्रचलित नियमानुसार सामाजिक सुरक्षा कोषमा सहभागी हुने/गर्ने/गराउने निर्णय गरेको थियो ।

(३) क्याम्पसले हाल अवलम्बन गरेको नीति तथा कार्यक्रमले चालु आर्थिक वर्ष देखि उपादान वापतको दायित्व वर्षेनी घटाउँदै जाने भनी निर्धारण गरेको छ ।

(४) शिक्षक तथा कर्मचारीको उपादानको दायित्व क्रमशः घटाउँदै जाने नीतिअनुसार हरेक वर्ष बचत हुने क्याम्पस कोषबाट कट्टा गरी सञ्चालन खर्चको पाँच प्रतिसतले हुन आउने रकमलाई "उपादान व्यवस्थापन कार्यविधि २०८०" तर्जुमा गरी सो कार्यविधिका आधारमा बुँदा नं. ४ (१) मा उल्लिखित उपादान पाउनयोग्य शिक्षक तथा कर्मचारीको उपादानका लागि बुँदा नं. ४ (२) ले गरेको सैद्धान्तिक एवम् नीतिगत व्यवस्थाअनुसार नै हुनेगरी उपादानको रकम आनुपातिक रुपले व्यवस्थापन गर्ने र सम्बन्धित शिक्षक तथा कर्मचारीले सेवा निवृत्त भएपछि प्राप्त गर्ने भरपर्दो बैङ्किङ व्यवस्था वा कोष व्यवस्था सुनिश्चित गर्ने । उपादानको दायित्व घटाउने यो विधि वर्षेनी अवलम्बन गर्दैजाने ।

(५) यसका लागि क्याम्पस सञ्चालक समितिले बुँदा नं ४ (४) ले तोकेको कार्यविधि तर्जुमाका लागि एक समिति गठन गरी उक्त समितिले प्रस्तुत गरेको मस्यौदाका आधारमा सञ्चालक समितिले उक्त कार्यविधिको टुङ्गो लगाउने ।

(६) बुँदा नं ४ (४ र ५) ले तोकेको कार्यविधि पारित हुनु अगावै निवृत्त हुने उपादान पाउनयोग्य शिक्षक तथा कर्मचारीका हकमा क्याम्पस सञ्चालक समितिको मिति २०७८ जेठ २७ गतेको निर्णय र बुँदा नं ४ (२) ले तोकेबमोजिमको शर्त, नीति, नियम, विधि र निर्णयका आधारमा उपादान रकम भुक्तानी गर्ने गराउने ।

## ५.मुद्दति अवस्था

यस क्याम्पसको सञ्चालनबाट बचत भएको रकमलाई प्रत्येक आर्थिक वर्षको अन्त्यमा मुद्दति खाता खोली क्याम्पस कोषका रुपमा व्यवस्थापन गरिएको छ । यस्तो मुद्दति खातामा हालसम्म (क) क्याम्पसको आफ्नै आम्दानीबाट, (ख) विश्वविद्यालय अनुदान आयोगको कार्यसम्पादन अनुदानको २० प्रतिसत रकमबाट, (ग) क्याम्पसको रजत महोत्सवका अवसरमा प्राप्त भएको चन्दाबाट र (घ) दाताहरूबाट प्राप्त छात्रवृत्ति अक्षय कोष समेतबाट समेत गरी विभिन्न बैङ्कमा २०८० असार मसान्तसम्मा **रु. ६,९२,४२,५८७/-** मुद्दति खातामा मौज्दात रहेको छ । आगामी दिनहरूमा पनि मुद्दति खातामा रकम वृद्धि गर्दै जाने नीति अवलम्बन गरिने छ ।

## ६. सुझावहरू

माथि उल्लेख गरिएका तालिका, तालिकाहरूको विश्लेषण र बजेट पुस्तिकामा संलग्न गरिएका अनुसूचीहरूका आधारमा क्याम्पस सञ्चालक समिति समक्ष देहायका सुझावहरू प्रस्तुत गरिएको छः

(१) क्याम्पसमा शिक्षक तथा कर्मचारीको एवम् कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रयोजनका लागि हालसम्म एकीकृत विनियम नभएको हुँदा त्यस्तो एकीकृत विनियम तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु पर्ने देखिन्छ ।

(२) शिक्षकहरूको सङ्कायगत, विभागगत, विषयगत र कर्मचारीहरूको फाँटगत दरबन्दी कायम गरी मानव स्रोतको व्यवस्थापन गर्ने र आवधिक रुपमा दरबन्दीको पुनरावलोकन गरी सोहि आधारमा दरबन्दी निर्धारण गरी शिक्षक तथा कर्मचारीको नियुक्ति, स्थायी, बढुवा, करार, सिफ्टअन्तर सरुवा गर्नु गराउनु पर्ने देखिन्छ ।

(३) क्याम्पसको दिगो विकासका लागि आम्दानीका वैकल्पिक स्रोतहरूको खोजीगरी त्यको सुनिश्चितता कायम गर्नु पर्ने देखिन्छ ।

(४) क्याम्पसको वित्तिय अनुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न आर्थिक निर्देशिका र खर्च कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु पर्ने देखिन्छ ।

(५) क्याम्पसको ख्याति, प्रभाव र आर्थिक अभिवृद्धिका लागि प्रविधिक, व्यावसायिक र सिपमूलक जनशक्ति उत्पादन गर्न सकिने धारका विषयहरूको सम्बन्धन लिई सञ्चालन गर्नुपर्ने देखिन्छ ।

(६) यस क्याम्पसको पूर्वविद्यार्थी समाजलाई प्रभावकारी रुपमा सञ्चालन गरी क्याम्पसको दिगो विकासमा पूर्वविद्यार्थीहरूलाई सक्रिय सहभागि गराउनुपर्ने देखिन्छ ।

(७) शिक्षक तथा कर्मचारी मूल्याङ्कनका लागि अनुसन्धान, नवप्रवर्तन, आर्टिकल लेखन, जर्नल प्रकाशन, पुस्तक लेखन, ति कार्यहरूको प्रवोधिकरण, विज्ञता, नियमितता, पेशाप्रतिको निष्ठा, इमानदारिता, कार्य सम्पन्न गर्ने कार्य योजना, सेवाग्राहिहरूप्रतिको सेवाको गुणस्तर र विद्यार्थीको सिकाइ उपलब्धि तथा नतिजालाई मूख्य आधार (मूख्य सूचकहरू) मान्नु पर्ने देखिन्छ ।

धन्यवाद!!!

बजेट मस्यौदा समिति २०८०,
सुकुना बहुमुखी क्याम्पस,
सुन्दरहरैँचा, मोरङ ।
मितिः २०८०/०८/०२ गते ।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा नगरपालिका, मोरङ
स्था. २०४५

## सूकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ
### आ.व. २०८०/२०८१
मिति २०८० श्रावण १ गते देखि लागु भएको तलवमान अनुसूची १

| क्रस | पद तथा विवरण | तलवमान | ग्रेड सङ्ख्या | ग्रेडदर | जम्मा | महङ्गी भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **पूर्णकालीन प्राध्यापक तर्फ** | | | | | | |
| १ | सहप्राध्यापक | ५१८५० | ७ | १७२८ | ६३९४६ | १००० | प्रतिमहिना |
| २ | उपप्राध्यापक | ४४५०० | ८ | १४८३ | ५६३६४ | १००० | प्रतिमहिना |
| ३ | शिक्षणसहायक | ३९८९० | ८ | १३३० | ५०५३० | १००० | प्रतिमहिना |
| | **पूर्णकालीन कर्मचारी तर्फ** | | | | | | |
| ४ | शाखा अधिकृत | ३९८९० | ८ | १३३० | ५०५३० | १००० | प्रतिमहिना |
| ५ | नायव सुब्बा | ३१७१० | १० | १०५७ | ४२२८० | १००० | प्रतिमहिना |
| ६ | खरिदार | ३००४१ | १० | १००१ | ४००५१ | १००० | प्रतिमहिना |
| ७ | स्वास्थ्य कर्मचारी (खरिदार सरह) | ३००४१ | १० | १००१ | ३००४१ | ० | प्रतिमहिना |
| ८ | कार्यालय सहयोगी (द्वितिय तह) | २३८१५ | २ | ७९४ | २५४०३ | १००० | प्रतिमहिना |
| ९ | कार्यालय सहयोगी (प्रथम तह) | २२५५५ | २ | ७५२ | २४०५९ | १००० | प्रतिमहिना |
| १० | चालक | २७१४३ | ० | ० | २१००० | १००० | प्रतिमहिना |
| ११ | सहचालक | १५००० | ० | ० | १५००० | ० | प्रतिमहिना |
| | **स्वीपर, मेतहर र माली** | | | | | | |
| १२ | स्वीपर | ८०८५ | ० | ० | ८०८५ | ० | प्रतिमहिना |
| १३ | मेतहर | १५२२५ | ० | ० | १५२२५ | ० | प्रतिमहिना |
| १४ | माली | १५०१५ | ० | ० | १५०१५ | ० | प्रतिमहिना |
| १५ | प्रतिचौकिदार | १६८०० | ० | ० | १६८०० | ० | प्रतिमहिना |

| | कोर्सकरार शिक्षक तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | कक्षा ११ र १२ विज्ञान तर्फ साप्ताहित ६ घण्टी | १९०० | | | १९०० | | प्रतिमहिना |
| १७ | कक्षा ११ र १२ विज्ञान तर्फ अन्य थप घण्टी भएमा साप्ताहिक प्रतिघण्टी रु १९०० का दरले हुन आउने रकम बराबर दामासाहिले हुनेछ । | १९००* साप्ताहिक घण्टी सङ्ख्या | | | | | प्रतिमहिना |
| १८ | कक्षा ११ र १२ साप्ताहिक २१ घण्टी | ३९८९० | ० | ० | ३९८९० | ० | प्रतिमहिना |
| १९ | विज्ञान वाहेक (५ क्रेडिट आवर) | ६७२० | ० | ० | ६७२० | ० | प्रतिमहिना |
| २० | विज्ञान वाहेक (४ क्रेडिट आवर) | ५३७६ | ० | ० | ५३७६ | ० | प्रतिमहिना |
| २१ | विज्ञान वाहेक (३ क्रेडिट आवर) | ४०३२ | ० | ० | ४०३२ | ० | प्रतिमहिना |
| २२ | विज्ञान वाहेक दुई घण्टीसम्म कोर्स करार प्रतिघण्टी ९०५१*२=१८१०२ | १८१०२ | ० | ० | १८१०२ | ० | प्रतिमहिना |
| २३ | विज्ञान वाहेक स्नातक तह करार | ७३५० | ० | ० | ७३५० | ० | प्रतिमहिना |
| २४ | बी. एड. विज्ञान मासिक करार | ८१८० | ० | ० | ८१८० | ० | प्रतिमहिना |
| २५ | बी. एड. विज्ञान कोसे करार (२%) | ११५२९ | ० | ० | ११५२९ | ० | प्रतिमहिना |
| २६ | बी एस्सी कोर्स करार तर्फ साप्ताहित ६ घण्टी (२%) | ११५२९ | ० | ० | ११५२९ | ० | प्रतिमहिना |
| २७ | बी एस्सी कोर्स करार तर्फ अन्य थप घण्टी भएमा साप्ताहिक प्रतिघण्टी रु ११५२९ का दरले हुन आउने रकम बराबर दामासाहिले हुनेछ । | ११५२९* साप्ताहिक घण्टी सङ्ख्या | | | | | प्रतिमहिना |
| २८ | आई सी टी पुरानो करारतर्फ (प्रतिघण्टी) | १०२२० | ० | ० | १०२२० | ० | प्रतिमहिना |
| २९ | आइसीटी (करार ८० WL भएमा) प्रति करार एकमुष्ठ | ६५१०० | ० | ० | ६५१०० | ० | प्रतिसेमिष्टर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३० | आइ.सी.टी. (करार ४८ WL भएमा) प्रति करार एकमुष्ठ | ५४६०० | ० | ० | ५४६०० | ० | प्रतिसेमिष्टर |
| ३१ | बी.बी.ए. (प्रति ३ क्रेडिटआवर) एकमुष्ठ | ७८७५० | ० | ० | ७८७५० | ० | प्रतिसेमिष्टर |
| ३२ | एम.एड. र एम.बी.एस. प्रति सेमेष्टर एकमुष्ठ | ६३००० | ० | ० | ६३००० | ० | प्रतिसेमिष्टर |
| ३३ | अंशकालीन प्रति पिरियड प्रतिदिन/ प्रतिघण्टी | ३९९ | ० | ० | ३९९ | ० | प्रतिदिन/ प्रतिघण्टी |

अनुसूची : २

# सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

## आ.व. २०८०।०८१ को अनुमानित आय विवरण

## विद्यार्थी शुल्कको समष्टीगत आम्दानीको विवरण

| सि.नं. | बिवरण | अनुसूची २, पाना १ | अनुसूची २, पाना २ | अनुसूची २, पाना ३ | अनुसूची २, पाना ४ | अनुसूची २, पाना ५ | अनुसूची २, पाना ६ | अनुसूची २, पाना ७ | अनुसूची २, पाना ८ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | ५४६ | ६५८ | १,३६० | ४२३ | १८२ | १७९ | २४७ | ४०० | ३,९९५ | |
| १ | प्रवेश शुल्क | ९२३००० | ९८७००० | २०४०००० | १०६६५०० | ९३००० | ० | ० | ० | ५१०९५०० | |
| २ | शिक्षण शुल्क | ४६०६८०० | ९४७५२०० | २१७४४००० | ८८८०००० | ५०३०४०० | १३२३०००० | १२५०१००० | १०००००००| ८५४६७४०० | ¥ |
| ३ | पुस्तकालय शुल्क | ३२५००० | ३२९००० | ६८०००० | ४२७५०० | ३१००० | ० | ० | ० | १७९२५०० | |
| ४ | पुस्तकालय धरौटी | ० | २२०००० | ४७०००० | १२०००० | ० | ० | ० | ० | ८१०००० | |
| ५ | विद्यार्थी कल्याण शुल्क | १७४२०० | १९७४०० | ४०८००० | १७०१०० | १८६०० | ० | ० | ० | ९६८३०० | |
| ६ | भौतिक सुधार शुल्क | २८३४०० | ३२९००० | ६८०००० | २५४७०० | ३१००० | ० | ० | ० | १५७८१०० | |
| ७ | खेलकुद शुल्क | ९८८०० | १३१६०० | २७२००० | ४१४०० | १२४०० | ० | ० | ० | ५५६२०० | |
| ८ | युनियन शुल्क | ५४६०० | ६५८०० | १३६००० | ४२३०० | ६२०० | ० | ० | ० | ३०४९०० | |
| ९ | त्रि.वि. सम्बन्धन शुल्क | ७०२००० | ७८९६०० | १६३२००० | ७०२००० | ७४४०० | ० | ० | ० | ३९००००० | ¥ |
| १० | विविध शुल्क | ३४४५०० | ४२७७०० | ८८४००० | २३१७५० | ४०३०० | ० | ० | ० | १९२८२५० | |
| ११ | स्वास्थ्य सेवा शुल्क | ५४६०० | ६५८०० | १३६००० | ४२३०० | १८२०० | १७९०० | २४७०० | ४०००० | ३९९५०० | |
| १२ | आन्तरिक परीक्षा शुल्क | ४९६६०० | ५९२२०० | १२२४००० | ४०२३०० | ५५८०० | ० | ० | ० | २७७०९०० | |
| १३ | सरस्वती पूजा सहयोग | २७३०० | ३२९०० | ६८००० | २११५० | ३१०० | ० | ० | ० | १५२४५० | |
| १४ | अभ्यास शि., प्राक्टिकम् | ० | २३८००० | ० | ० | ५९५०० | ० | ० | ० | २९७५०० | |
| १५ | अनुसन्धान शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १६ | प्रयोगशाला शुल्क | ३१०००० | ० | ० | १२७०००० | १२४००० | ० | ० | ० | १७०४००० | |
| १७ | प्रयोगशाला धरौटी | ० | ० | ० | १६०००० | ० | ० | ० | ० | १६०००० | |
| १८ | प्रयोगात्मक शुल्क | १८५००० | ३९६००० | १८०००० | ६६९००० | २२१००० | ० | ० | ० | १६५१००० | |
| १९ | कम्प्युटर शिक्षण शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ¥ |
| २० | शोधपत्र | ० | ० | ० | ० | ० | ० | ० | ५२५००० | ५२५००० | |
| २१ | त्रि.वि. परीक्षा शुल्क | ३३७६८० | ४१४५४० | ८५६८०० | २६६४९० | ३३९०६० | ५४१५०० | ७६४५०० | ६००००० | ४१२०५७० | |
| २२ | त्रि.वि. परीक्षा विविध | १४४७२० | १७७६६० | ३६७२०० | ११४२१० | १३६७४० | ७८००० | ५०००० | ४००००० | १४६८५३० | |
| २३ | त्रि.वि.प्रयोगात्मक शुल्क | ० | ० | ० | १४२५० | ६००० | ० | ० | ० | २०२५० | |
| २४ | मा.शि.प्रयोगात्मक विविध | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २५ | त्रि.वि. दर्ता शुल्क | ० | ११०००० | २३५००० | ६०००० | १८००० | २५००० | २५०० | ० | ४५०५०० | |
| २६ | त्रि.वि. दर्ता विविध | ० | ४४००० | ९४००० | २४००० | ७२०० | १०००० | १००० | ० | १८०२०० | |
| २७ | आइडि कार्ड शुल्क | ५४६०० | ६५८०० | १३६००० | ४२३०० | १८२०० | १७९०० | २४७०० | ४०००० | ३९९५०० | |
| २८ | प्रवेश आवेदन फाराम | ० | ११०००० | २३५००० | १००००० | ५४००० | ७५००० | ० | १३५००० | ७०९००० | |
| | **जम्मा** | ९१२२८०० | १५१९९२०० | ३२४७८००० | १५१२२२५० | ६३९८१०० | १३९९५३०० | १३३६८४०० | ११७४०००० | ११७४२४०५० | |
| २९ | आँशिक परीक्षा शुल्क | ० | ६३००० | ६९३०० | ६३००० | २५२०० | ३७५०० | ३७५०० | ३०००० | ३२५५०० | |
| ३० | आँशिक परीक्षा विविध | ० | २७००० | २९७०० | २७००० | १०८०० | १५००० | २५००० | २०००० | १५४५०० | |
| ३१ | प्रमाणपत्र/सिफारिस | ० | ० | ० | ० | ० | ० | ० | ० | १०५०००० | |
| ३२ | उपचारात्मक कक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ३००००० | |
| ३३ | क्याम्पस दिक्षान्त समारोह | ० | ० | ० | ० | ० | ० | ० | ० | ३००००० | |
| ३४ | यातायात शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | २२००००० | |
| | **जम्मा आम्दानी** | ९१२२८०० | १५२८९२०० | ३२५७७००० | १५२१२२५० | ६४३४१०० | १४०४७८०० | १३४३०९०० | ११७९०००० | १२१७५४०५० | |

## सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ

### शैक्षिक सत्र ०८०।०८१ मा लागू भएको शुल्क विवरण : अनुसूची ३ (पाना २)

| क. स. | शुल्क विवरण | वी.ए. प्रथम | वी.ए. दोस्रो | वी.ए. तेस्रो | वी.ए. चौथो | वी.एड.I विज्ञान | वी.एड.II विज्ञान | वी.एड. III विज्ञान | वी.एड. IV विज्ञान | वी.एड. प्रथम | वी.एड. दोस्रो | वी.एड. तेस्रो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | |
| २ | मासिक शुल्क | १२०० | १२०० | १२०० | १२०० | १६०० | १६०० | १६०० | १६०० | १२०० | १२०० | १२०० | |
| ३ | पुस्तकालय | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| ४ | पुस्तक धरौटी | १००० | – | – | – | १००० | – | – | ० | १००० | – | – | |
| ५ | कल्याण कोष | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | |
| ६ | भौतिक सुधार | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| ७ | सरस्वती पूजा सहयोग | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | |
| ८ | स्वास्थ्य सेवा शुल्क | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९ | खेलकुद शुल्क | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | |
| १० | यूनियन शुल्क | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ११ | विविध शुल्क | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | |
| १२ | त्रि वि सम्वन्धन | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | |
| १३ | ल्याकत परीक्षा | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | |
| १४ | प्रयोगशाला धरौटी | – | – | – | – | १००० | – | – | – | – | – | – | |
| १५ | प्रयोगशाला शुल्क | – | – | – | – | २००० | २००० | २००० | २००० | – | – | – | |
| १६ | आइडी कार्ड शुल्क | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १७ | अभ्यास शिक्षण | – | – | – | – | ० | ० | १७०० | – | – | – | १७०० | |
| | **जम्मा** | ८३०० | ७३०० | ७३०० | ७३०० | ११७०० | ९७०० | ११४०० | ९७०० | ८३०० | ७३०० | ९००० | |
| | | अन्य शुल्क | | | | | | | | | | | |
| | **प्रवेश आवेदन** | ५०० | – | – | – | ५०० | – | – | – | ५०० | – | – | |
| | **प्रयोगात्मक विषयहरू** | प्रयोगात्मक शुल्क | | | | | | | | | | | |
| १ | अंग्रेजी | | | | | | | | | १००० | १००० | १००० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | समाजशास्त्र | १००० | १५०० | २००० | २००० | | | | | | | | |
| ३ | स्वास्थ्य शिक्षा | | | | | | | | | १००० | १००० | माइनर १००० | |
| ४ | गणित | | | | | | | | | | १००० | | |
| ५ | जनसंख्या शिक्षा | | | | | | | | | | १००० | माइनर १००० | |
| ६ | विज्ञान | | | | ० | ३००० | ४००० | ३००० | ३००० | | | | |
| ७ | अर्थशास्त्र | | | | | | | | | १००० | | | |
| ८ | नेपाली | | | | | | | | | | | २००० | माइनर १००० |

पुनश्च : १) त्रि.वि.ले तोकेका नाम दर्ता शुल्क, परीक्षा शुल्क, प्रयोगात्मक परीक्षा शुल्कलगायतका शुल्क अलग्गै बुझाउनु पर्नेछ

# सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

## शैक्षिक सत्र २०८०।०८१ मा लागू भएको शुल्क विवरण : अनुसूची ३ (पाना ३)

| क.स. | शुल्क विवरण | वी.एड. चौथो | वी.वी.एस I नेपाली | वी.वी.एस II नेपाली | वी.वी.एस III नेपाली | वी.वी.एस IV नेपाली | वी.वी.एस I अङ्ग्रेजी | वी.वी.एस II अङ्ग्रेजी | वी.वी.एस III अङ्ग्रेजी | वी.वी.एस IV अङ्ग्रेजी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | | | |
| २ | मासिक शुल्क/किस्ता | १२०० | १२०० | १२०० | १२०० | १२०० | १४०० | १४०० | १४०० | १४०० | | | |
| ३ | पुस्तकालय शुल्क | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | |
| ४ | पुस्तकालय धरौटी | – | १००० | – | – | – | १००० | – | – | – | | | |
| ५ | कल्याण कोष | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | | |
| ६ | भौतिक सुधार | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | |
| ७ | सरस्वती पूजा | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | | | |
| ८ | स्वास्थ्य सेवा शुल्क | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| ९ | खेलकुद शुल्क | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | | | |
| १० | यूनियन शुल्क | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| ११ | विविध शुल्क | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | ६५० | | | |
| १२ | त्रि वि सम्वन्धन | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | | | |
| १३ | ल्याकत परीक्षा | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | | | |
| १४ | प्रयोगशाला धरौटी | – | – | – | – | – | – | – | – | – | | | |
| १५ | प्रयोगशाला शुल्क | – | – | – | – | – | – | – | – | – | | | |
| १६ | आइडि कार्ड शुल्क | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| १७ | अभ्यास शिक्षण/प्राक्टिकम् | – | – | – | – | – | – | – | – | – | | | |
| १८ | अनुसन्धान शुल्क | – | – | – | – | – | – | – | – | – | | | |
| | जम्मा | ७३०० | ८३०० | ७३०० | ७३०० | ७३०० | ८५०० | ७५०० | ७५०० | | | ० | |

| | | अन्य शुल्क | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रवेश आवेदन | – | ५०० | – | – | ५०० | – | – | – | | | | |
| | प्रयोगात्मक विषयहरू | प्रयोगात्मक शुल्क | | | | | | | | | | | |
| १ | अंग्रेजी | १००० | | | | | | | | | | | |
| २ | समाजशास्त्र | | | | | | | | | | | | |
| ३ | स्वास्थ्य शिक्षा | माइनर १००० | | | | | | | | | | | |
| ४ | गणित | | | | | | | | | | | | |
| ५ | जनसंख्या शिक्षा | माइनर १००० | | | | | | | | | | | |
| ६ | विज्ञान | | | | | | | | | | | | |
| ७ | अर्थशास्त्र | | | | १५०० | | | | १५०० | | | | |
| ८ | नेपाली | २००० | | | | | | | | | | | |

**पुनश्च : १) त्रि.वि.ले तोकेका नाम दर्ता शुल्क, परीक्षा शुल्क, प्रयोगात्मक परीक्षा शुल्कलगायतका शुल्क अलग्गै बुझाउनु पर्नेछ ।**

# सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

शैक्षिक सत्र २०८०।०८१ मा लागू भएको शुल्क विवरण :    अनुसूची ३ (पाना ४)

| क.स. | क.स. | बि.एस्सी. प्रथम वर्ष | बि.एस्सी. दोस्रो वर्ष | बि.एस्सी. तेस्रो वर्ष | बि.एस्सी. चौथो वर्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | ३५०० | ३५०० | ३५०० | ३५०० | | | | |
| २ | मासिक शुल्क | २१०० | २१०० | २१०० | २१०० | | | | |
| ३ | पुस्तकालय शुल्क | १५०० | १५०० | १५०० | १५०० | | | | |
| ४ | प्रयोगशाला शुल्क | ५००० | ५००० | ५००० | ५००० | | | | |
| ५ | क्याम्पस विकास आय | ७०० | ७०० | ७०० | ७०० | | | | |
| ६ | सरस्वती पूजा सहयोग | ५० | ५० | ५० | ५० | | | | |
| ७ | स्वास्थ्य सेवा शुल्क | १०० | १०० | १०० | १०० | | | | |
| ८ | यूनियन शुल्क | १०० | १०० | १०० | १०० | | | | |
| ९ | विविध शुल्क | ४५० | ४५० | ४५० | ४५० | | | | |
| १० | त्रि वि सम्वन्धन | २१०० | २१०० | २१०० | २१०० | | | | |
| ११ | ल्याकत परीक्षा | १००० | १००० | १००० | १००० | | | | |
| १२ | पुस्तकालय धरौटी | १००० | ० | ० | ० | | | | |
| १३ | बिद्यार्थी कल्याण शुल्क | ५०० | ५०० | ५०० | ५०० | | | | |
| १४ | प्रयोगशाला धरौटी | १५०० | ० | ० | ० | | | | |
| १५ | प्रयोगात्मक परीक्षा | १००० | १००० | १००० | १००० | | | | |
| १६ | आइडि कार्ड शुल्क | १०० | १०० | १०० | १०० | | | | |
| जम्मा | | २०७०० | १८२०० | १८२०० | १८२०० | | | | |

पुनश्च : १) त्रि.वि.ले तोकेका नाम दर्ता शुल्क, परीक्षा शुल्क, प्रयोगात्मक परीक्षा शुल्कलगायतका शुल्क अलगै बुझाउनु पर्नेछ ।

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा नगरपालिका, मोरङ स्था. २०४८

# अनुसूची ४: अनुमानित विद्यार्थी सङ्ख्या सम्बन्धि विवरण

## सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

अनुमानित विद्यार्थी विवरण: २०८०/०८१ (सिमेष्टर प्रणाली) अनुसूची : ४ (पाना १)

| क्र.सं. | तह/कक्षा | ०७९।०८० को अनुमानित | ०७९।०८० को वास्तविक | ०८०।०८१ को अनुमानित |
|---|---|---|---|---|
| १ | बि.एड. प्रथम ICT Semester | ३६ | ३२ | ३६ |
| २ | बि.एड. दोस्रो ICT Semester | ३० | ३० | ३० |
| ३ | बि.एड. तेस्रो ICT Semester | ३० | ३० | ३० |
| ४ | बि.एड. चौथो ICT Semester | २३ | २१ | २४ |
| ५ | बि.एड. पाँचौ ICT Semester | २३ | २१ | २४ |
| ६ | बि.एड. छैठौं ICT Semester | १० | ७ | २४ |
| ७ | बि.एड. सातौं ICT Semester | १० | ७ | १५ |
| ८ | बि.एड. आठौं ICT Semester | १३ | ११ | १५ |
| ९ | बि.एड. नवौं ICT Semester | १३ | ११ | ७ |
| १० | एम एड प्रथम सेमेष्टर | ३० | ४६ | ५० |
| ११ | एम एड दोस्रो सेमेष्टर | २४ | २७ | ४० |
| १२ | एम एड तेस्रो सेमेष्टर | २३ | २७ | ३५ |
| १३ | एम एड चौथो सेमेष्टर | २२ | २२ | २४ |
| १४ | एम बी एस प्रथम सेमेष्टर | ९५ | ८६ | ९० |
| १५ | एम बी एस दोस्रो सेमेष्टर | ७५ | ८२ | ७४ |
| १६ | एम बी एस तेस्रो सेमेष्टर | ७५ | ६६ | ७३ |
| १७ | एम बी एस चौथो सेमेष्टर | ६३ | ६१ | ६४ |
| १८ | बी.बी.ए. प्रथम सेमेष्टर | ३३ | ४५ | ५० |
| १९ | बी.बी.ए. दोस्रो सेमेष्टर | ३३ | ४३ | ४४ |
| २० | बी.बी.ए. तेस्रो सेमेष्टर | ३२ | ३१ | ४४ |
| २१ | बी.बी.ए चौथो सिमेष्टर | ३२ | ३० | ३१ |
| २२ | बी.बी.ए. पाँचौं सिमेष्टर | ३० | ३० | ३१ |
| २३ | बी.बी.ए. छैठौं सिमेष्टर | ३० | ३१ | ३० |
| २४ | बी.बी.ए. सातौं सिमेष्टर | २६ | २५ | ३० |
| २५ | बी.बी.ए. आठौं सिमेष्टर | २६ | २४ | ३१ |
| | **सेमिष्टर प्रणाली जम्मा** | **८३७** | **८४६** | **९४६** |

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

## सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

अनुमानित विद्यार्थी विवरण: २०८०/०८१ (वार्षिक परीक्षा प्रणाली) अनुसूची: ४ (पाना २)

| क्र.सं. | तह/कक्षा | ०७९।०८० को अनुमानित | ०७९।०८० को वास्तविक | ०८०।०८१ को अनुमानित |
|---|---|---|---|---|
| २६ | बि.ए. प्रथम | ४० | २५ | २० |
| २७ | बि.ए. दोस्रो (पुरानो) | ३६ | २२ | २० |
| | बि.ए. दोस्रो (नयाँ) | - | - | १० |
| २८ | बि.ए. तेस्रो | ४० | २० | १८ |
| २९ | बि.ए. चौथो | - | - | १४ |
| ३० | बि.एड. प्रथम | २६० | १९७ | २०० |
| ३१ | बि.एड. प्रथम (विज्ञान) | ७० | ३४ | ४० |
| ३२ | बि.एड. दोस्रो (पुरानो) | | १९१ | १५० |
| | बि.एड. दोस्रो (नयाँ) | - | - | १२५ |
| ३३ | बि.एड. दोस्रो (विज्ञान) पुरानो | ६० | ५८ | ५५ |
| | बि.एड. दोस्रो (विज्ञान) नयाँ | - | - | २५ |
| ३४ | बि.एड. तेस्रो | २१५ | १४९ | १४० |
| ३५ | बि.एड. तेस्रो (विज्ञान) | ४३ | ४० | ३५ |
| ३६ | बि.एड. चौथो | १४० | ९४ | ११० |
| ३७ | बि.एड. चौथो (विज्ञान) | ३४ | २७ | २७ |
| ३८ | बि.बि.एस. प्रथम नेपाली | २५० | १७६ | १७० |
| ३९ | बि.बि.एस. दोस्रो नेपाली (पुरानो) | २२० | १७७ | १४० |
| | बि.बि.एस. दोस्रो नेपाली (नयाँ) | - | - | १२५ |
| ४० | बि.बि.एस. तेस्रो नेपाली | २७० | १७४ | १५० |
| ४१ | बि.बि.एस. चौथो नेपाली | १४५ | ११९ | ११२ |
| ४२ | बि.बि.एस. प्रथम अङ्ग्रेजी | ४९० | ४१५ | ३०० |
| ४३ | बिबिएस दोस्रो अङ्ग्रेजी (पुरानो) | ४२० | ३२८ | २७० |
| | बि.बि.एस. दोस्रो अङ्ग्रेजी (नयाँ) | - | - | १९५ |
| ४४ | बि.बि.एस. तेस्रो अङ्ग्रेजी | ३६० | २४३ | २१० |
| ४५ | बि.बि.एस. चौथो अङ्ग्रेजी | १९५ | १२८ | १२० |
| ४६ | १ वर्षे बि.एड | - | - | - |
| ४७ | वि.एस्सी. प्रथम | ८० | ७० | ८० |



सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका मोरङ
स्था. २०४८

| | | | | |
|---|---|---|---|---|
| ४८ | वि.एस्सी. दोस्रो (पुरानो) | ४० | ३८ | ३८ |
| | वि.एस्सी. दोस्रो (नयाँ) | - | - | ५२ |
| ४९ | वि.एस्सी. तेस्रो | ७१ | ५७ | ५७ |
| ५० | वि.एस्सी. चौथो | ४० | ४१ | ४१ |
| | **वार्षिक परीक्षा प्रणाली जम्मा** | ३,७६४ | २,८२३ | ३०४९ |
| | **सेमिष्टर प्रणाली जम्मा** | ८३७ | ८४६ | ९४६ |
| **२०८०/०८१ को अनुमानिति कुल जम्मा** | | ४,६०१ | ३,६६९ | ३,९९५ |

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

श्री

बैठक सङ्ख्या-७

आज मिति २०८० साल जेठ ३१ गते बुधवारका दिन यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा मोरङको सञ्चालक समितिको बैठक क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय अनुसारका प्रस्तावहरूउपर छलफल गरी निर्णय गरियो ।

मिति :२०८० जेठ ३१ गते बुधवार
स्थान : सञ्चालक समितिको बैठक कक्ष
समय : बिहान ०८:०० बजे ।

उपस्थिति:

१. अध्यक्ष : श्री केशव अधिकारी
२. उपाध्यक्ष : श्री ललितबहादुर श्रेष्ठ ....................
३. सदस्य : श्री देवेन्द्रकुमार मास्के ....................
४.सदस्य: श्री सुरेन्द्रबहादुर थापा ....................
५.सदस्य : श्री नेत्रप्रसाद ढकाल ....................
६.सदस्य : श्री नागेश पोखरेल ....................
७.सदस्य: श्री लक्ष्मीप्रसाद फुँयल ....................
८.सदस्य : श्री रामप्रसाद गजुरेल ....................
९.सदस्य : श्री तिलकप्रसाद ढकाल ....................
१०. सदस्य : श्री विश्वेश्वर ढकाल ....................
११. सदस्य : श्री योगराज काफ्ले ....................
१२. सदस्य: श्री नवराज चापागाईं ....................
१३. सदस्य : श्री मकरनन्द पराजुली ....................
१४. सदस्य : श्री हेमचन्द्र घिमिरे ....................
१५. सदस्य : श्री कमलादेवी राजमास्के ....................
१६. सदस्य : श्री केदारप्रसाद गुरागाईं ....................
१७. सदस्य : श्री अकली चौधरी ....................
१८. सदस्य: श्री रोशनप्रसाद ढकाल ....................
१९. सदस्य : श्री बलराम पोखरेल ....................
२०. सदस्य : श्री नारायण प्रसाद गौतम ....................
२१. सदस्य : श्री भूषण काफ्ले ....................
२२. सदस्य श्री टीकाप्रसाद कट्टेल ....................
२३. सदस्य श्री भोलानाथ बजगाई ....................
२४. सदस्य श्री विन्दा दाहाल थापा ....................
२५. सदस्य सचिव : श्री चन्द्रमणि राई ....................

अन्य उपस्थिति

१. प्रशासकीय अधिकृत : श्री नवराज कोइराला ....................
२. लेखापाल : श्री युवराज सुवेदी ....................

प्रस्तावहरू

१. छात्रवृत्ति व्यवस्थापन तथा सिफारिस समितिको गठन सम्बन्धमा ।
२. उत्पीडन नीति (Harassment Policy) सम्बन्धमा ।
३. वातावरण तथा सामाजिक सुरक्षा एकाइ (Environment and Social Safeguard Unit) को गठन सम्बन्धमा ।
४. भ्रमण खर्च अनुमोदन सम्बन्धमा ।
५. प्रतिक्षलय र साइकल स्ट्याण्ड निर्माण सम्बन्धमा ।
६. QAA Focal Person को नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
७. आ.व. २०८०/०८१ को बजेट मस्यौदा समितिको गठन सम्बन्धमा ।
८. खर्च अनुमोदन तथा रकम माग गर्ने सम्बन्धमा ।
९. विश्वविद्यालय अनुदान आयोगमा Extended Performance Based Funding – EPBF का लागि कागजात पेस गर्ने सम्बन्धमा
१०. आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम निर्माणका लागि समिति गठन गर्ने सम्बन्धमा
११. विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ मा छलफल गर्दा सञ्चालक समितिको पुनर्गठन भएपछि छात्रवृत्ति व्यवस्थापन तथा सिफारिस समितिको पुनर्गठन गर्नु पर्ने भएकाले यस सुकुना बहुमुखी क्याम्पसको विस्तृत कार्यव्यवस्था तथा सञ्चालन निर्देशिका २०७६ को परिच्छेद १८ बमोजिम तपशील बमोजिमको समिति गठन गर्ने निर्णया गरियो ।

१. संयोजक : श्री ललित बहादुर श्रेष्ठ
२. सचिव : श्री अर्जुनराज अधिकारी
३. सदस्य : श्री टीकाप्रसाद उपाध्याय
४. सदस्य : श्री गेहेन्द्र खनाल
५. सदस्य : श्री माया देवान
६. सदस्य : श्री रमेश खतिवडा
७. सदस्य : श्री युवराज सुवेदी

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा क्याम्पसमा आउन सक्ने सम्भावित विभिन्न किसिमाका उत्पीडनहरू प्रति सचेत गर्न/गराउन र भएका उत्पीडनहरूको उचित समाधानका लागि एउटा उत्पीडन नीति (Harassment Plolicy) आवश्यक परेकाले क्याम्पस प्रशासनले विभिन्न सरोकारवालाहरूसँग आवश्यक छलफल गरी तयार पारेको उत्पीडन नीति (Harassment Plolicy) लाई सर्वसम्मतिबाट पास गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा क्याम्पसमा विभिन्न प्रकृतिका निर्माण कार्यहरू गर्दा र अन्य विविध गतिविधिहरू गर्दा वातावरणलाई प्रतिकुल असर नपर्ने साथै सुरक्षित साँस्कृतिक वातावरणको प्रत्याभूति दिने कुरालाई मध्यनजर गरी कार्य गर्न तपसील बमोजिमको पाँच सदस्यीय **"वातावरण तथा सामाजिक सुरक्षा एकाई (Environment and Social Safeguard Unit)"** गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : श्री बिन्दा दाहाल थापा
२. सदस्य : श्री रोशनप्रसाद ~~दाहाल~~ ढकाल
३. सदस्य : श्री जीवन सापकोटा
४. सदस्य : श्री तुलसीराम पौडेल
५. सदस्य : श्री मोहन कार्की

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा क्याम्पस सञ्चालक समितिको निर्णय अनुसार २०८० बैशाख २० गते देखि २४ गते सम्म आयोजित यस क्याम्पसका कर्मचारी र विभागीय प्रमुखहरू संलग्न ३० सदस्यीय भ्रमणटोलीबाट अवलोकन भ्रमणका क्रममा भएको खर्च र भ्रमण प्रतिवेदन समेत प्राप्त भइसकेकाले उक्त भ्रमण वापत लिएको पेश्की रकम रु ३५००००।- मध्ये रु. ४०,३४०।- फिर्ता भएको रु ३०९६६०।- (अक्षरेपी तीन लाख नौ हजार छ सय साठी मात्र) खर्च भएको रकम खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

५. तत्काल क्याम्पसमा आवश्यक रहेको प्रतिक्षालय र साईकल स्ट्यण्ड निर्माण गर्ने सम्बन्धमा छलफल गर्दा हाल क्याम्पसको प्रशासनिक भवनको उत्तर तर्फ रहेको मोटरसाइकल पार्कीङस्थलको पशिचम तर्फको भागमा उपयुक्त हुने गरी लागत अनुमान र डिजाइन तयार गरी प्रतिक्षालय निर्माण गर्ने र शिक्षण भवन र हालै विश्वविद्यालय अनुदान आयोगको अनुदान सहयोगमा निर्माण भएको भवनको बीचको खाली भागमा आवश्यक डिजाइन र लागत अनुमान तयार गरी क्याम्पसको आन्तरिक श्रोतबाट साइकल स्ट्याण्ड निर्माण गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ मा छलफल गर्दा विश्वविद्यालय अनुदान आयोग नेपालबाट सञ्चालनमा रहेको Nurturing Excellence in Higher Education Program – NEHEP र गुणस्तर सुनिश्चितता QAA सँग सम्बन्धित कार्य गर्दै आउनुभएका यस क्याम्पसका उप प्राध्यापक **श्री नरप्रसाद भण्डारी**लाई उक्त कार्यक्रमको Focal Person को रुपमा मिति २०७९ साउन महिना देखि लागु हुने गरी नियुक्ति दिने र सोहि मिति देखि लागु हुने गरी मासिक रु ५०००/- का दरले पारिश्रमिक दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को क्याम्पसको बजेट मस्यौदा गर्न क्याम्पसको विस्तृत कार्यव्यवस्था तथा सञ्चालन निर्देशिका २०७६ को परिच्छेद ७ बमोजिम तपसील बमोजिमको बजेट मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. संयोजक : | श्री चन्द्रमणि राई | क्याम्पस प्रमुख |
| २. सदस्य : | श्री रामप्रसाद गजुरेल | सञ्चालक समिति सदस्य |
| ३. सदस्य : | श्री टीकाप्रसाद कट्टेल | सञ्चालक समिति सदस्य |
| ४. सदस्य : | श्री गणेशप्रसाद दाहाल | विषय विज्ञ |
| ५. सदस्य : | श्री ध्रुवप्रसाद नेपाल | प्रतिनिधि- प्राध्यापक संघ |

८. प्रस्ताव नं. ८ मा छलफल गर्दा निम्नानुसार गर्ने निर्णय गरियो ।

क. आ.व. २०७९/०८० का लागि सामाजिक विकास मन्त्रालय, कोसी प्रदेशबाट प्रशाशनिक कक्ष निर्माण, क्यान्टिन विस्तार र फर्निचर निर्माण वापत सुन्दरहरैचा नगरपालिका मार्फत प्राप्त रु २५,००,०००/- र क्याम्पसको लागत सहभागिता रु २,८१,७४२।८६।- सहित रु २७,८१,७४२।८६ को योजनाको कार्य सञ्चालन गर्दा योजनासँग सम्बन्धित कार्य थप गरी सम्पन्न गर्नु परेकाले थप लागत सहित कुल खर्च रु २९,५०,६६७२५अनुमोदन गर्ने निर्णय गरियो साथै नगरपालिकासँग सम्झौता भए

बैठक सङ्ख्या- १०

आज मिति २०८० साल असार २१ गते बिहिबारका दिन यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा मोरङको सञ्चालक समितिको बैठक क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय अनुसारका प्रस्तावहरूउपर छलफल गरी निर्णय गरियो ।

मिति :२०८० असार २१ गते बिहिबार

स्थान : सञ्चालक समितिको बैठक कक्ष

समय : बिहान ०७:३० बजे ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. अध्यक्ष : | श्री केशव अधिकारी | ........................ |
| २. उपाध्यक्ष : | श्री ललितबहादुर श्रेष्ठ | ........................ |
| ३. सदस्य : | श्री देवेन्द्रकुमार मास्के | ........................ |
| ४.सदस्य: | श्री सुरेन्द्रबहादुर थापा | ........................ |
| ५.सदस्य : | श्री नेत्रप्रसाद ढकाल | ........................ |
| ६.सदस्य : | श्री नागेश पोखरेल | ........................ |
| ७.सदस्य: | श्री लक्ष्मीप्रसाद फुँयल | ........................ |
| ८.सदस्य : | श्री रामप्रसाद गजुरेल | ........................ |
| ९.सदस्य : | श्री तिलकप्रसाद ढकाल | ........................ |
| १०. सदस्य : | श्री विश्वेश्वर ढकाल | ........................ |
| ११. सदस्य : | श्री योगराज काफ्ले | ........................ |
| १२. सदस्य: | श्री नवराज चापागाईं | ........................ |
| १३. सदस्य : | श्री मकरनन्द पराजुली | ........................ |
| १४. सदस्य : | श्री हेमचन्द्र घिमिरे | ........................ |
| १५. सदस्य : | श्री कमलादेवी राजमास्के | ........................ |
| १६. सदस्य : | श्री केदारप्रसाद गुरागाईं | ........................ |
| १७. सदस्य : | श्री अकली चौधरी | ........................ |
| १८. सदस्य: | श्री रोशनप्रसाद ढकाल | ........................ |
| १९. सदस्य : | श्री बलराम पोखरेल | ........................ |
| २०. सदस्य : | श्री नारायण प्रसाद गौतम | ........................ |
| २१. सदस्य : | श्री भूषण काफ्ले | ........................ |
| २२. सदस्य | श्री टीकाप्रसाद कट्टेल | ........................ |
| २३. सदस्य | श्री भोलानाथ बजगाई | ........................ |
| २४. सदस्य | श्री विन्दा दाहाल थापा | ........................ |
| २५. सदस्य सचिव : | श्री अर्जुनराज अधिकारी | ........................ |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| १. निवर्तमान क्याम्पस प्रमुख : | श्री चन्द्रमणि राई | ........................ |
| २. अधिकृत | : श्री नवराज कोइराला | ........................ |
| ३. लेखापाल | : श्री युवराज सुवेदी | ........................ |

**प्रस्तावहरू**

१. सहायक क्याम्पस प्रमुखको नियुक्ति सम्बन्धमा ।
२. कार्यक्रम निर्देशकको नियुक्ति सम्बन्धमा ।
३. विभागीय प्रमुख (सङ्काय प्रमुख) को नियुक्ति सम्बन्धमा ।
४. शिक्षक सेवा आयोगको पुनर्गठन सम्बन्धमा ।
५. कर्मचारी सेवा आयोगको पुनर्गठन सम्बन्धमा।
६. खरिद एकाईंको पुनर्गठन सम्बन्धमा ।
७. बजेट मस्यौदा समितिको पुनर्गठन सम्बन्धमा ।
८. IQAC को पुनर्गठन सम्बन्धमा ।
९. छात्रवृत्ति समिति पुनर्गठन सम्बन्धमा ।
१०. भौतिक निर्माण तथा मर्मत समिति पुनर्गठन सम्बन्धमा ।
११. गुनासो तथा पृष्ठपोषण व्यवस्थापन समितिको पुनर्गठन सम्बन्धमा ।
१२. पुस्तकालय व्यवस्थापन समिति पुनर्गठन सम्बन्धमा ।
१३. पदाधिकारी समिति पुनर्गठन सम्बन्धमा ।
१४. Corporate Pay Approver Change गर्ने सम्बन्धमा ।
१५. विविध ।

**निर्णयहरू**

**१. प्रश्ताव नं १** उपर छलफल गर्दा क्याम्पस विधान २०७७ को परिच्छेद ८ को दफा ४० बमोजिम मिति २०८०/०३/१३ देखि रिक्त हुन आएको बिहानी सत्रको सहायक क्याम्पस प्रमुखमा सहप्रध्यापक श्री बलराम पोखरेललाई र रिक्त दिवा सत्रको सहायक क्याम्पस प्रमुखमा सहप्रध्यापक श्री गणेशप्रसाद दाहललाई मिति २०८०/०३/२२ देखि लागूहुने गरी २ वर्षका लागि नियुक्त गर्ने निर्णय गरियो ।

**२. प्रश्ताव नं. २** उपर छलफल गर्दा क्याम्पसमा सञ्चाति विविए कार्यक्रमका निर्देशक श्री कृष्णप्रसाद आचार्यले कार्यक्रम निर्देशक पदबाट राजिनामा दिनु भएकाले वहाँको राजिनामा २०८०/०३/२१ देखि लागूहुने गरी स्विकृत गरी रिक्त विविए निर्देशकको पदमा उपप्राध्यापक श्री शङ्कर देवानलाई ३ वर्षका लागि विविए कार्यक्रमको कार्यक्रम निर्देशकमा मिति २०८०/०३/२२ देखि लागूहुने गरी नियुक्त गर्ने निर्णय गरियो ।

**३. प्रश्ताव नं. ३** उपर हाललाई छलफल गर्नुपर्ने नदेखिएकाले उक्त प्रश्ताव उपरको छलफल हाललाई स्थिगित गर्ने निर्णय गरियो ।

**४. प्रश्ताव नं. ४** उपर छलफल गर्दा मिति २०८०/०३/१३ बाट क्याम्पस प्रमुखमा श्री अर्जुनराज अधिकारी नियुक्त हुनुभएकाले क्याम्पस विधान २०७७ को परिच्छेद ११ को दफा ५० बमोजिम तपसिल बमोजिमको शिक्षक सेवा आयोग पुनर्गठन गर्ने निर्णय गरियो ।

**शिक्षक सेवा आयोग**

१. अध्यक्षः क्याम्पस प्रमुख- श्री अर्जुनराज अधिकारी
२. सदस्यः सञ्चालक समिति सदस्य - श्री लक्ष्मीप्रसाद फुँयल
३. सदस्यः सञ्चालक समिति सदस्य - श्री रामप्रसाद गजुरेल
४. सदस्य : पब्लिक क्याम्पस प्राध्यापक सङ्घ प्रतिनिधी-
५. सदस्य : सहायक क्याम्पस प्रमुख - श्री गणेशप्रसाद दहाल

**५. प्रश्ताव नं. ५** उपर छलफल गर्दा मिति २०८०/०३/१३ बाट क्याम्पस प्रमुखमा श्री अर्जुनराज अधिकारी नियुक्त हुनुभएकाले क्याम्पस विधान २०७७ को परिच्छेद ११ को दफा ५१ बमोजिम तपसिल बमोजिमको कर्मचारी सेवा आयोग पुनर्गठन गर्ने निर्णय गरियो ।

**कर्मचारी सेवा आयोग**

१. अध्यक्ष: सञ्चालक समिति सदस्य - श्री सुरेन्द्रबहादुर थापा
२. सदस्य: सञ्चालक समिति सदस्य - श्री नागेश पोखरेल
३. सदस्य: सञ्चालक समिति सदस्य - श्री हेमचन्द्र घिमिरे
४. सदस्य : पब्लिक क्याम्पस प्राध्यापक सङ्घ प्रतिनिधी-
५. सदस्य सचिव : क्याम्पस प्रमुख - श्री अर्जुनराज अधिकारी

**६. प्रश्ताव नं. ६** उपर छलफल गर्दा मिति २०८०/०३/१३ बाट क्याम्पस प्रमुखमा श्री अर्जुनराज अधिकारी नियुक्त हुनुभई क्याम्पसको खरिद एकाईंको संयोजकको पद रिक्त रहन गएकाले क्याम्पस विधान २०७७ को परिच्छेद १९ को दफा ९८ बमोजिम तथा बिश्तृत कार्यव्यवस्था तथा सञ्चालन निर्देशिका २०७६ को परिच्छेद २० को दफा ३ बमोजिम निम्नानुसारको खरिद एकाईं पुनर्गठन गर्ने निर्णय गरियो ।

**खरिद एकाईं**

१. अध्यक्ष: अधिकृत - श्री नवराज कोइराला
२. सदस्य: प्राध्यापक प्रतिनिधी - श्री माया देवान
३. सदस्य: लेखापाल - श्री युवराज सुबेदी
४. सदस्य : स्टोर किपर - श्री प्रमिला गुरागाईं

**७. प्रश्ताव नं. ७** उपर छलफल गर्दा मिति २०८०/०३/१३ बाट क्याम्पस प्रमुखमा श्री अर्जुनराज अधिकारी नियुक्त हुनुभई क्याम्पसको बजेट मस्यौदा समितिको पुनर्गठन गर्नुपर्ने भएकाले बिश्तृत कार्यव्यवस्था तथा सञ्चालन निर्देशिका २०७६ को परिच्छेद ७ अनुसार निम्नानुसारको बजेट मस्यौदा समितिको पुनर्गठन गर्ने निर्णय गरियो ।

**बजेट मस्यौदा समिति**

१. अध्यक्ष: क्याम्पस प्रमुख - श्री अर्जुनराज अधिकारी
२. सदस्य: सञ्चालक समिति सदस्य - श्री रामप्रसाद गजुरेल
३. सदस्य: सञ्चालक समिति सदस्य - श्री टीकाप्रसाद कट्टेल
४. सदस्य :प्राध्यापक सङ्घ प्रतिनिधी- श्री ध्रुवप्रसाद नेपाल
५. सदस्य : विज्ञ - श्री गणेशप्रसाद दहाल

**८. प्रश्ताव नं. ८** उपर छलफल गर्दा मिति २०८०/०३/१३ बाट क्याम्पस प्रमुखमा श्री अर्जुनराज अधिकारी नियुक्त हुनुभई क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC) पुनर्गठन गर्नुपर्ने भएकाले क्याम्पस विधान २०७७ को परिच्छेद १९ को दफा ९१ तथा बिश्तृत कार्यव्यवस्था तथा सञ्चालन निर्देशिका २०७६ को परिच्छेद २ अनुसार निम्नानुसारको आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC) पुनर्गठन गर्ने निर्णय गरियो ।

**आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC)**

१. अध्यक्ष: क्याम्पस प्रमुख - श्री अर्जुनराज अधिकारी
२. सदस्य: सञ्चालक समिति सदस्य - श्री टीकाप्रसाद कट्टेल
३. सदस्य: सञ्चालक समिति सदस्य - श्री भोलानाथ बजगाईं
४. सदस्य : सहायक क्याम्पस प्रमुख- श्री केशवराज भट्टराई
५. सदस्य : सहायक क्याम्पस प्रमुख- श्री बलराम पोखरेल
६. सदस्य : सहायक क्याम्पस प्रमुख- श्री गणेशप्रसाद दहाल
७. सदस्य : SAT Coordinator - श्री नरप्रसाद भण्डारी
८. सदस्य : अधिकृत , कर्मचारी प्रशासन- श्री नवराज कोइराला
९. सदस्य : SQC Coordinator - श्री प्रतिकप्रकाश उपेती

क्याम्पस

श्री

आज मिति २०८० साल कार्तिक २२ गते बुधबारका दिन यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङको आ.व. २०८०/०८१ को बजेट मस्यौदा समितिको बैठक समितिका संयोजक एवम् क्याम्पस प्रमुख श्री अर्जुनराज अधिकारीको अध्यक्षतामा बसी देहायबमोजिमका निर्णयहरू गरियो।

* मितिः २०८०/०७/२२ गते बुधबार।

* समयः विहान ७:३० बजे।

* स्थानः क्याम्पस प्रमुखको कार्यकक्ष, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।

* बैठकः बजेट मस्यौदा समिति आ.व. (२०८०/०८१)।

**उपस्थिति**

१. अर्जुनराज अधिकारी – संयोजक/क्याम्पस प्रमुखः

२. रामप्रसाद गजुरेल – सदस्य/क्याम्पस सञ्चालक समितिः

३. टीकाप्रसाद कट्टेल - सदस्य/क्याम्पस सञ्चालक समितिः टीकाको कट्टेल

४. ध्रुबप्रसाद नेपाल - सदस्य/प्राध्यापक सङ्घ प्रतिनिधिः

५. गणेशप्रसाद दहाल – सदस्य/ विषयविज्ञः

**आमन्त्रितः**

१. युवराज सुवेदी – लेखापाल- लेखाफाँटः

२. नवराज कोइराला – अधिकृत – प्रशासन फाँटः

३. बलराम पोखरेल – सहायक क्याम्पस प्रमुखः

४. केशवराज भट्टराई - सहायक क्याम्पस प्रमुखः

## प्रस्ताव तथा निर्णयहरू

**३. आ.व.२०८०/०८१ को अनुमानित आय-व्यय सम्बन्धमा।**

प्रस्तुत विषयमा क्याम्पस सञ्चालक समितिबाट पारित नीति तथा कार्यक्रम र आ. व. २०८०/०८१ को अनुमानित विद्यार्थी सङ्ख्याका आधारमा प्राप्तहुने अनुमानित आम्दानी र अन्य स्रोतबाट प्राप्तहुने आम्दानी तथा सञ्चालन, पुँजीगत, धरौटी र कोषका लागि अनुमानित खर्च उपर दफाबार छलफल छलफल गरियो। सबै आम्दानीका स्रोतहरू र आम्दानी रकम गणना गरी खर्चका क्षेत्र तथा शीर्षकहरूमा बजेट विनियोजन गरियो। जसअनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि **रु. १८,५४,३७,३९०/१०** को आय-व्यय सहितको अनुमानित बजेट पारित गरी क्याम्पस सञ्चालक समितिको बैठकमा छलफल र पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो।

२०८०/०६/२२

श्री

आज मिति २०८० साल कार्तिक १५ गते बुधबारका दिन यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङको आ.व. २०८०/०८१ को बजेट मस्यौदा समितिको बैठक समितिका संयोजक एवम् क्याम्पस प्रमुख श्री अर्जुनराज अधिकारीको अध्यक्षतामा बसी देहायबमोजिमका निर्णयहरू गरियो।

* मितिः २०८०/०७/१५ गते बुधबार।

* समयः विहान ७:३० बजे।

* स्थानः क्याम्पस प्रमुखको कार्यकक्ष, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।

* बैठकः बजेट मस्यौदा समिति आ.व. (२०८०/०८१)।

**उपस्थिति**

१. अर्जुनराज अधिकारी – संयोजक/क्याम्पस प्रमुखः

२. रामप्रसाद गजुरेल – सदस्य/क्याम्पस सञ्चालक समितिः

३. टीकाप्रसाद कट्टेल - सदस्य/क्याम्पस सञ्चालक समितिः

४. ध्रबप्रसाद नेपाल - सदस्य/प्राध्यापक सङ्घ प्रतिनिधिः

५. गणेशप्रसाद दहाल – सदस्य/ विषयविज्ञः

**आमन्त्रितः**

१. युवराज सुवेदी – लेखापाल- लेखाफाँटः

२. नवराज कोइराला – अधिकृत – प्रशासन फाँटः

३. बलराम पोखरेल – सहायक क्याम्पस प्रमुखः

४. केशवराज भट्टराई - सहायक क्याम्पस प्रमुखः

## प्रस्ताव तथा निर्णयहरू

### १. आ.व.२०८०/०८१ को अनुमानित विद्यार्थी सङ्ख्या सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा आ. व. २०८०/०८१ को अनुमानित आम्दानीका लागि सोही आर्थिक वर्षको अनुमानित विद्यार्थी सङ्ख्या निर्धारण गर्नु पर्ने भएको हुँदा स्नातक तथा स्नातकोत्तर तहका विभिन्न कक्षामा अध्ययन गर्ने विद्यार्थिकरूको सङ्ख्या निम्नानुसार रहने अनुमान गरियो ।

| क्र.सं. | तह/कक्षा | ०७९।०८० को अनुमानित | ०७९।०८० को वास्तविक | ०८०।०८१ को अनुमानित |
|---|---|---|---|---|
| १ | बि.एड. प्रथम ICT Semester | ३६ | ३२ | ३६ |
| २ | बि.एड. दोस्रो ICT Semester | ३० | ३० | ३० |
| ३ | बि.एड. तेस्रो ICT Semester | ३० | ३० | ३० |
| ४ | बि.एड. चौथो ICT Semester | २३ | २१ | २४ |
| ५ | बि.एड. पाँचौ ICT Semester | २३ | २१ | २४ |
| ६ | बि.एड. छैठौं ICT Semester | १० | ७ | २४ |
| ७ | बि.एड. सातौं ICT Semester | १० | ७ | १५ |
| ८ | बि.एड. आठौं ICT Semester | १३ | ११ | १५ |
| ९ | बि.एड. नवौं ICT Semester | १३ | ११ | ७ |
| १० | एम एड प्रथम सेमेष्टर | ३० | ४६ | ५० |
| ११ | एम एड दोस्रो सेमेष्टर | २४ | २७ | ४० |
| १२ | एम एड तेस्रो सेमेष्टर | २३ | २७ | ३५ |
| १३ | एम एड चौथो सेमेष्टर | २२ | २२ | २४ |
| १४ | एम बी एस प्रथम सेमेष्टर | ९५ | ८६ | ९० |
| १५ | एम बी एस दोस्रो सेमेष्टर | ७५ | ८२ | ७४ |
| १६ | एम बी एस तेस्रो सेमेष्टर | ७५ | ६६ | ७३ |
| १७ | एम बी एस चौथो सेमेष्टर | ६३ | ६१ | ६४ |
| १८ | बी.बी.ए. प्रथम सेमेष्टर | ३३ | ४५ | ५० |
| १९ | बी.बी.ए. दोस्रो सेमेष्टर | ३३ | ४३ | ४४ |
| २० | बी.बी.ए. तेस्रो सेमेष्टर | ३२ | ३१ | ४४ |
| २१ | बी.बी.ए चौथो सिमेष्टर | ३२ | ३० | ३१ |
| २२ | बी.बी.ए. पाँचौं सिमेष्टर | ३० | ३० | ३१ |
| २३ | बी.बी.ए. छैठौं सिमेष्टर | ३० | ३१ | ३० |
| २४ | बी.बी.ए. सातौं सिमेष्टर | २६ | २५ | ३० |
| २५ | बी.बी.ए. आठौं सिमेष्टर | २६ | २४ | ३१ |
| | **समेष्टर जम्मा** | ८३७ | ८४६ | ९४६ |
| २६ | बि.ए. प्रथम | ४० | २५ | २० |
| २७ | बि.ए. दोस्रो (पुरानो) | ३६ | २२ | २० |
| २८ | बि.ए. दोस्रो (नयाँ) | | | १० |
| २९ | बि.ए. तेस्रो | ४० | २० | १८ |
| ३० | बि.ए. चौथो | - | - | १४ |

| क्र.सं. | तह/कक्षा | ०७९।०८० को अनुमानित | ०७९।०८० को वास्तविक | ०८०।०८१ को अनुमानित |
|---|---|---|---|---|
| ३१ | बि.एड. प्रथम | २६० | १९७ | २०० |
| ३२ | बि.एड. प्रथम (विज्ञान) | ७० | ३४ | ४० |
| ३३ | बि.एड. दोस्रो (पुरानो) | २४५ | १९१ | १५० |
| ३४ | बि.एड. दोस्रो (नयाँ) | | | १२५ |
| ३५ | बि.एड. दोस्रो (विज्ञान) (पुरानो) | ६० | ५८ | ५५ |
| ३६ | बि.एड. दोस्रो (विज्ञान) (नयाँ) | | | २५ |
| ३७ | बि.एड. तेस्रो | २१५ | १४९ | १४० |
| ३८ | बि.एड. तेस्रो (विज्ञान) | ४३ | ४० | ३५ |
| ३९ | बि.एड. चौथो | १४० | ९४ | ११० |
| ४० | बि.एड. चौथो (विज्ञान) | ३४ | २७ | २७ |
| ४१ | बि.बि.एस. प्रथम नेपाली | २५० | १७६ | १७० |
| ४२ | बि.बि.एस. दोस्रो नेपाली (पुरानो) | २२० | १७७ | १४० |
| ४३ | बि.बि.एस. दोस्रो नेपाली (नयाँ) | | | १२५ |
| ४४ | बि.बि.एस. तेस्रो नेपाली | २७० | १७४ | १५० |
| ४५ | बि.बि.एस. चौथो नेपाली | १४५ | ११९ | ११२ |
| ४६ | बि.बि.एस. प्रथम अङ्ग्रेजी | ४९० | ४१५ | ३०० |
| ४७ | बिबिएस दोस्रो अङ्ग्रेजी (पुरानो) | ४२० | ३२८ | २७० |
| ४८ | बिबिएस दोस्रो अङ्ग्रेजी (नयाँ) | | | १९५ |
| ४९ | बि.बि.एस. तेस्रो अङ्ग्रेजी | ३६० | २४३ | २१० |
| ५० | बि.बि.एस. चौथो अङ्ग्रेजी | १९५ | १२८ | १२० |
| ५१ | १ वर्षे बि.एड | - | - | - |
| ५२ | वि.एस्सी. प्रथम | ८० | ७० | ८० |
| ५३ | वि.एस्सी. दोस्रो (पुरानो) | ४० | ३८ | ३८ |
| ५४ | वि.एस्सी. दोस्रो (नयाँ) | | | ५२ |
| ५५ | वि.एस्सी. तेस्रो | ७१ | ५७ | ५७ |
| ५६ | वि.एस्सी. चौथो | ४० | ४१ | ४१ |
| | **वार्षिक प्रणाली जम्मा** | ३,७६४ | २,८२३ | ३०४९ |
| | **सेमेष्टर जम्मा.** | ८३७ | ८४६ | ९४६ |
| | **कुल जम्मा** | ४,६०१ | ३,६६९ | ३९९५ |

**२. शुल्क वापतको अनुमानित आम्दानी सम्बन्धमा।**

प्रस्तुत विषयमा छलफल गर्दा माथिको विद्यार्थी सङ्ख्याको आधारमा आ. व. २०८०/०८१ का लागि पाँच दिन भित्रमा शुल्क आम्दानी अनुमान गर्ने र सो कार्य गर्नका लागि श्री गणेशप्रसाद दहाल र श्री युवराज सुवेदीलाई जिम्मेवारी दिने निर्णय गरियो।

श्री

बैठक सङ्ख्या :

आज मिति २०८० साल मङ्सिर ०२ गते शनिबारका दिन यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा मोरङको सञ्चालक समितिको बैठक क्याम्पस सञ्चालक समितिक अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय अनुसारका प्रस्तावहरू उपर छलफल गरी निर्णय गरियो ।

**मिति** :२०८० साल मङ्सिर ०२ गते शनिबार ।

**स्थान** : सञ्चालक समितिको बैठक कक्ष ।

**समय** : बिहान ०८:०० बजे ।

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा नगरपालिका, मोरङ स्था. २०४८

**उपस्थितिः**

१. अध्यक्ष : श्री केशव अधिकारी ..............................

२. उपाध्यक्ष : श्री ललितबहादुर श्रेष्ठ..............................

३. सदस्य : श्री देवेन्द्रकुमार मास्के..............................

४.सदस्य: श्री सुरेन्द्रबहादुर थापा..............................

५.सदस्य : श्री नेत्रप्रसाद ढकाल..............................

६.सदस्य : श्री नागेश पोखरेल..............................

७.सदस्य: श्री लक्ष्मीप्रसाद फुँयल..............................

८.सदस्य : श्री रामप्रसाद गजुरेल ..............................

९.सदस्य : श्री तिलकप्रसाद ढकाल..............................

१०. सदस्य : श्री विश्वेश्वर ढकाल..............................

११. सदस्य : श्री योगराज काफ्ले ..............................

१२. सदस्य: श्री नवराज चापागाईं ..............................

१३. सदस्य : श्री मकरनन्द पराजुली..............................

१४. सदस्य : श्री हेमचन्द्र घिमिरे..............................

१५. सदस्य : श्री कमलादेवी राजमास्के ..............................

१६. सदस्य : श्री केदारप्रसाद गुरागाईं..............................

१७. सदस्य : श्री अकली चौधरी..............................

१८. सदस्य: श्री रोशनप्रसाद ढकाल..............................

१९. सदस्य : श्री जनार्दन गुरागाईं ..............................

२०. सदस्य : श्री हिक्मत बहादुर बस्नेत ..............................

२१. सदस्य : श्री भूषण काफ्ले..............................

२२. सदस्य श्री टीकाप्रसाद कट्टेल ..............................

२३. सदस्य श्री भोलानाथ बजगाई..............................

२४. सदस्य श्री विन्दा दाहाल थापा..............................

२५. सदस्य सचिव : श्री अर्जुनराज अधिकारी..............................

**अन्य उपस्थिति**

१. निवर्तमान क्याम्पस प्रमुख : श्री चन्द्रमणि राई ..............................

२.सहायक क्याम्पस प्रमुख : श्री बलराम पोखरेल ..............................

३. सहायक क्याम्पस प्रमुख/बजेट मस्यौदा समितिका विज्ञ : श्री गणेशप्रसाद दहाल..........

४. बजेट मस्यौदा समिति सदस्य/प्राध्यापक सङ्घ प्रतिनिधि : श्री ध्रुवप्रसाद नेपाल : ..........

५. अधिकृत : श्री नवराज कोइराला..............................

६. लेखापाल : श्री युवराज सुबेदी..............................

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैचा नगरपालिका, मोरङ
स्था. २०४८

**प्रस्तावहरू**

१. सल्लाहकार समितिको गठन सम्बन्धमा।

२. आ. ब. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा।

३. २०७९/०८० को वार्षिक प्रतिवेदन सम्बन्धमा।

४. छात्रवृत्ति वितरण तथा १७ औँ परिषद्को बैठक व्यवस्थापन सम्बन्धमा।

५. विश्वविद्यालय अनुदान आयोगमा प्रस्तावना पेस गर्ने सम्बन्धमा।

६. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।

७. नयाँ अक्षयकोष दातालाई परिषद सदस्य बनाउने सम्बन्धमा।

८. १७ औँ परिषद् बैठकमा पेस गर्ने प्रस्तावका सम्बन्धमा।

९. सहचालकको विज्ञापन सम्बन्धमा।

१०. विधान संशोधन सम्बन्धमा।

११. धन्यवाद प्रस्ताव सम्बन्धमा।

१२. विविध।

## निर्णयहरू

१. **प्रस्ताव नं. १** मा छलफल गर्दा क्याम्पस विधान २०७७ को परिच्छेद ६ को दफा १९ को उपदफा १३ अनुसार क्याम्पस सञ्चालक समितिलाई आवश्यक राय, सल्लाह र सुझाव दिन देहाय बमोजिम क्याम्पस सल्लाहकार समितिको गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (१) श्री चन्द्रबहादुर गुरुङ : | पूर्व अध्यक्ष, सञ्चालक समिति |
| (२) श्री लक्ष्मीप्रसाद प्रसाईं : | पूर्व अध्यक्ष, सञ्चालक समिति |
| (३) श्री अजम्बर राई : | पूर्व सदस्य सं. स./संयोजक, जि.स.स. मोरङ |
| (४) श्री शिवप्रसाद ढकाल : | पूर्व नगरप्रमुख, सुन्दरहरैंचा न.पा. |
| (५) श्री रामप्रसाद काफ्ले : | पूर्व क्याम्पस प्रमुख |
| (६) श्री पीतकुमार श्रेष्ठ : | पूर्व क्याम्पस प्रमुख |
| (७) श्री प्रेमप्रसाद भट्टराई : | पूर्व क्याम्पस प्रमुख |
| (८) श्री लक्ष्मीकुमार श्रेष्ठ : | पूर्व क्याम्पस प्रमुख |
| (९) श्री गोपालबहादुर थापा : | पूर्व उपाध्यक्ष, सञ्चालक समिति |
| (१०) श्री हरिप्रसाद घिमिरे : | पूर्व सदस्य, सञ्चालक समिति |
| (११) श्री गणेशराज मास्के : | पूर्व सदस्य, सञ्चालक समिति |

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा नगरपालिका, मोरङ, स्था. २०४८

२. **प्रस्ताव नं. २** मा छलफल गर्दा क्याम्पस सञ्चालक समितिद्वारा गठित बजेट मस्यौदा समितिले पेस गरेको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम सहितको आय-व्यय बजेटले प्रस्तुत गरेका सिद्धान्त, नीति, कार्यक्रम, शर्त, सिमा र कार्यान्वयका विधिहरूलाई स्वीकृत गरी रु.१८,५४,३७,३९०/१० को बजेट पारित गर्ने निर्णय गरियो । पारित कार्यक्रम र बजेटलाई छलफल तथा अनुमोदनका लागि आगामी क्याम्पस परिषद्को सत्रौं बैठकमा प्रस्तुत गर्ने समेत निर्णय गरियो ।

३. **प्रस्ताव नं. ३** मा छलफल गर्दा आ.व. २०७९/०८० को शैक्षिक तथ्य तथ्याङ्क, भौतिक विवरणहरू समावेश गरिएको तथा आ.व. २०८०/०८१ को बजेट,लेखा परीक्षण प्रतवेदन र आन्तरिक लेखा परीक्षण प्रतिवेदन सहितको **वार्षिक प्रगति प्रतिवेदन** (२०७९/०८०) पारित गर्ने र पारित प्रतिवेदनलाई छलफल तथा अनुमोदनका लागि क्याम्पस परिषद्को सत्रौं बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४ मा** छलफल गर्दा मिति २०८० मङ्सिर ११ गते सम्पन्न हुने सत्रौं परिषद्को बैठकको बिहानी सत्रमा ७:३० बजेबाट छात्रवृत्ति वितरण गर्ने र दोस्रो सत्रमा ११:०० बजेबाट परिषद् बैठक सञ्चालन गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५ मा** छलफल गर्दा विश्वविद्यालय अनुदान आयोग नेपालको मिति २०८०/०७/१३ गते प्रकाशित सूचनाअनुसार अनुदान सहयोगका लागि क्याम्पसले देहायबमोजिमका क्षेत्र र विषयमा प्रस्तावना पेस गर्ने निर्णय गरियो ।

(क) भौतिक निर्माण अन्तर्गत नवनिर्मित भवनको माथिल्लो तला थपका लागि रु.१,२५,००,०००/- को प्रस्तावना ।

(ख) भौतिक निर्माण अन्तर्गत नवनिर्मित भवनका लागि आवश्यक पर्ने फर्निचर निर्माण/खरिद/व्यवस्थापनका लागि रु. १२,५०,०००/- को प्रस्तावना ।

(ग) विभिन्न प्रर्कतिका तालिम, गोष्ठि, कार्यशालाका लागि रु. ६,००,०००/- को प्रस्तावना ।

६.**प्रस्ताव नं. ६ मा** छलफल गर्दा आ. व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन वाहय लेखा परीक्षकबाट प्राप्त सुझावसहित ग्रहण गरी पारित गर्ने निर्णय गरियो र उक्त लेखा परीक्षण प्रतिवेदन सत्रौं परिषद बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

७. **प्रस्ताव नं. ७ मा** छलफल गर्दा जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. १० निवाशी श्री डगेन्द्र पराजुली र यस क्याम्पसकी सहप्राध्यापक श्री कान्ता सुवेदी (पराजुली) ले संयुक्त रुपमा आफ्ना पितामाता/ससुरासासुको स्मृतिमा श्री प्रेमप्रसाद मधुमाया पराजुली स्मृति छात्रवृत्ति अक्षय कोष स्थापनाका लागि रु. २,००,०००/- रकम क्याम्पसलाई हस्तान्तरण गर्नु भएकोमा उहाँहरू दुबैलाई धन्यवाद ज्ञापन गर्ने र क्याम्पस विधान २०७७ को परिच्छेद ५ दफा ९ (२, ङ) अनुसार दाता मध्येबाट श्री डगेन्द्र पराजुलीलाई क्याम्पस परिषद्को आजीवन सदस्यको नियुक्ति गरी जानकारी गराउने निर्णय गरियो ।

८. **प्रस्ताव नं. ८ मा** छलफल गर्दा मिति २०८०/०८/११ गते बस्ने क्याम्पस परिषद्को १७ औं बैठकमा छलफल तथा निर्णयार्थ निम्न प्रस्तावहरू प्रस्तुत गर्ने निर्णय गरियो ।

(क) आ.व. २०७९/०८० को क्याम्पसको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।

(ख) आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।

(ग) आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

(घ) आ.व. २०८०/०८१ को आ.ले.प. प्रतिवेदन सम्बन्धमा ।

(ङ) आ.व. २०८०/०८१ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।

(च) विधान संशोधन सम्बन्धमा ।

९. **प्रस्ताव नं. ९ मा** छलफल गर्दा यस क्याम्पस बसका लागि सहचालकको अस्थायी करार नियुक्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो । यसका लागि आवश्यक कार्यसम्पादन गरी

सफिारिस गर्न कर्मचारी सेवा आयोगलाई कार्यादेश दिने समेत निर्णय गरियो ।

**१०. प्रस्ताव नं. १०** माथि छलफल गर्दा क्याम्पसको सत्रौं परिषद् बैठकमा देहायका विषयमा विधान शंसोधन प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

(क) क्याम्पस विधान २०७७ को परिच्छेद ६ को दफा १४ (१) मा २५ सदस्यीय भन्ने वाक्याशंको सट्टा २६ सदस्यीय भन्ने वाक्याश राख्ने ।

(ख) क्याम्पस विधान २०७७ को परिच्छेद ६ को दफा १४ (२) को (घ) मा सदस्यहरू २२ को सट्टा सदस्यहरू २३ भन्ने वाक्याशं राख्ने ।

(ग) क्याम्पस विधान २०७७ को परिच्छेद ६ को दफा १५ मा निवर्तमान क्याम्पस प्रमुख पदेन सदस्य हुने छ भन्ने वाक्याशं थप गर्ने ।

(घ) क्याम्पस विधान २०७७ मा प्रदेश नं. १ को सट्टा कोशी प्रदेश थप गर्ने ।

**११. प्रस्ताव नं. ११ मा** छलफल गर्दा यस क्याम्पसले गरेको आवेदनअनुसार विश्वविद्यालय अनुदान आयोग नेपालको मिति २०८०/०७/२४ गते प्रकाशन गरेको सूचनाअनुसार यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङलाई उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program-NEHEP) अन्तर्गत Entrepreneurship Support Program मा क्याम्पसलाई छनोट गरेकोमा विश्वविद्यालय अनुदान आयोग नेपाल, सानोठिमी, भक्तपुरलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**१२. विविध**

**(क)सोधपुछ कक्ष व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा काउण्टर कक्षको उत्तरतर्फ सोधपुछ कक्षको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**(ख) फर्निचर खरिद तथा व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा बिबिएको कक्षा व्यवस्थापन गर्न पुराना फर्निचर प्रतिस्थापन योजना २०८० अनुसार ५० जोडि विद्यार्थी मैत्री फर्निचरको निर्माण, खरिद र व्यवस्थापन कार्य गर्ने गराउने ।

**(ग) कार्पेटिङ तथा कोठा व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा शिक्षण भवनको चौथो तलको पूर्व तर्फ बिबिएको कक्षा व्यवस्थापन गर्नका लागि नयाँ व्यवस्थापन गरिने कक्षाकोठामा कार्पेटिङ गर्ने, झ्याल, ढोका, ह्वाइटबोर्ड, मल्टिमेडिया प्रोजेक्टर, लाइट आदिको व्यवस्थापन गर्ने निर्णय गरियो ।